# भूमिहीन, जोताहा र सिमान्त किसानहरूको
# सामाजिक तथा आर्थिक अधिकार सवलीकरण कार्यक्रम

**वार्षिक सहभागिमूलक समीक्षा तथा मनन् प्रक्रिया**

२९-३० डिसेम्बर, २०१६ (१४-१५ पुस २०७३)
भूमि अध्ययनघर, ठिमुरा, चितवन

CSRC
आत्मनिर्भर केन्द्र

## यस प्रतिवेदनमा

## समीक्षाको सुरुवात


भाग १ : जिल्लागत ग्यालरी

भाग २ : अभियान र नतिजा

भाग ३ : खुला छलफल, प्रश्न, विचार

भाग ४ : विषयगत छलफल

भाग ५ : विचार आदान-प्रदान

भाग ६ : फोटो

भाग ७ : सहभागी नामवली

भाग ८ : खर्च विबरण

# भूमि तथा कृषि अधिकार अभियान

## बार्षिक राष्ट्रिय समीक्षा २०१६

सहभागिमूलक बिधि र प्रक्रियाबाट भूमि अधिकार अभियानको लेखाजोखा गर्ने, सिकाई र असल अभ्यास ठम्याउने अनि सुधारको क्षेत्र पहिचान गरि आगामी रणनीति तय गर्ने उद्देश्यले २९ र ३० डिसेम्वर, २०१७ (पुष १४ र १५, २०७३) का दिन भूमि अध्ययन घर ठिमुरा चितवनमा राष्ट्रिय समीक्षा सम्पन्न भयो । समीक्षामा ७६ जनाको सहभागिता थियो ।

### शुरुवाती सन्देश : जगत बस्नेत, संस्थागत बिकास सल्लाहकार, आत्मनिर्भर केन्द्र

समीक्षामा ४ ओटा कुरा बिचार गरौं ।

(१) महशुस : वर्षभरीको कामले राम्रो के के भएको रहेछ र त्यसलाई आ-आफ्नो क्षेत्रमा कसरी लागु गर्न सकिन्छ ?

(२) योगदानः हामी सबै एउटै लक्ष्यमा काम गरिरहेका छौं । आ-आफ्नो क्षेत्रको अनुभवबाट थप्न सकिने कुरा के हो ? सिकाई, असल अभ्यासलाई कसरी अरु क्षेत्रमा बिस्तार गर्ने ? मनैबाट आफ्ना कुरा राखेर योगदान गर्ने ।

(३) सिकाई : हामीले अरुको कामबाट के सिक्न सक्छौं ? जुन आफ्नो कार्य क्षेत्रका लागि पनि उपयोगी हुन सक्छ ।

(४) आलोचनात्मक प्रश्न : हामीले योजनामा, उपलब्धिमा, सिकाईमा, प्रक्रियामा रचनात्मक प्रश्न गर्नुपर्छ । जसले हामीलाई स्पष्ट हुन, नयाँ ढंगले सोच्न र नयाँ तरिकाले काम गर्न मद्दत पुर्‍याउँछ ।

यो रिफ्लेक्शन हो । गरेका कामलाई देखाउने हो । सुनाउने हो । त्यसकारण यहाँ आउँदा तयारी साथ आउनुपर्छ । जिल्लामा गरिएको समीक्षाको तत्व लिएर आउनुपर्छ । जसले हामीलाई प्रस्तुती गर्दा स्वतन्त्र बनाउँछ । कभरेज केवल बुझाउनका लागि भरिएको होईन । यो आफ्नो कामलाई जाँच्ने, प्रमाणित गर्ने औजार हो । जुन कुरा समुदायले पनि थाहा पाउनुपर्छ । यसमा हुने सूचनाले ज्ञान, सीप पनि बढाउँछ । त्यसको प्रयोगबाट हामी ज्ञान लिन सक्छौं । नयाँ कुराको महसुसीकरण हुन्छ र नयाँ योजनासाथ फर्किन सक्छौं।

### ल्यामबहादुर दर्जी : अध्यक्ष, राष्ट्रिय भूमि अधिकार मञ्च

६ महिना अघि सुन्दरीजलमा यस्तै समीक्षा गरेका थियौं । त्यसबेलाको भन्दा अहिले हामी दोव्वर छौं । यो उपस्थितिले खुशी दिएको छ । संख्या मात्र बढेको हैन । आन्दोलनको क्षेत्र र गुणात्मक प्रभाव पनि बढिरहेको छ । यो संख्या पुरै परिचालन भयो र पहिचानमा आयो भने मात्र हामीले राम्रो नतिजा ल्याउन सक्छौं ।

हामी आफ्नै घरमा बसेका छौं । यो घर बनाउन सबैको २०/२० रुपयाँ परेको छ । त्यसकारणले पनि यसको व्यवस्थापन, सरसफाई, उपयोगमा सबैको उत्तिकै चासो र योगदान रहनुपर्छ र रहनेछ भन्ने पनि बिश्वास गरेको छु ।

## अघिल्लो समीक्षाको पुनरावलोकन : कल्पना कार्की, अभियान व्यवस्थापक, आत्मनिर्भर केन्द्र

अघिल्लो समीक्षा २०७३ असार १२ देखि १४ गतेसम्म सुन्दरीजलमा भएको थियो । जसमा १४ जिल्लाका ३७ जनाको सहभागिता थियो । ओटा प्रस्तुती भएका थिए । १० जना अगुवाको अनुभव सुनेका थियौं । सिकाई समुहमार्फत सिकाई र आलोचनात्मक सवालको विवरण तयार गरेका थियौं ।

बिधानमा टेकेर संगठनलाई संस्थागत गर्नुपर्छ । स्थानीयतहबाट सवालगत आन्दोलन उठाउने । दलहरुसंग स्थानीय तहदेखि नै सहकार्य गर्ने । स्रोत भन्दा बिचार निर्माणमा ध्यान दिने । आन्दोलन, संगठन, कस्तो हुने भन्ने कुरा त्यो भित्रको चरित्रले निर्धारण गर्ने भएकाले बिचार निर्माणमा जोड दिने । संगठनको बैधानिकतामा जोड दिनुपर्ने । सदस्ता बितरण र नवीकरण, बिधान बमोजिम गाउँ भेला, जिल्ला परिषद, राष्ट्रिय परिषद, सम्मेलन हुनु पर्ने । आन्तरिक तथा बाह्य लेखा परिक्षण गर्नुपर्ने । समुदायमा हुने बसाईलाई सिक्ने र सिकाउने कुरामा उपयोगी बनाउनुपर्ने । अगुवालाई कार्यक्रममा पठाउँदा पारिवारिक छलफल गरेर कार्यक्रमबारे जानकारी गराउनु पर्ने आदि विषय आएको थियो ।

कृषि उद्यम, बाँझो जग्गाको उपयोग गर्दा सामुहिक काम र ब्यक्तिगत प्रतिफलमा आधारित बनाउँदा नै बढी उपयोगी हुने । सहकारीको कोषलाई कृषि उद्यममा मात्र उपयोग गर्ने । जग्गाको हक प्राप्तिको संख्या बढाउन नीति बिश्लेषण र अवसरमा सहजीकरण गर्नुपर्ने आदि पक्षहरु पनि उठेको थियो ।

भूमि समस्यासंग जोडिएका सबै सवाल उठान गर्न र त्यसमा दावी गर्न स्थानीय निकायबाट प्रमाण लिने ( जोतभोग आधार पत्र) कार्यलाई बढाउनुपर्छ । सरकारी प्रक्रिया अनुसार योजना तर्जुमाकै क्रममा आधारभूत अधिकार दावी गर्दा बढी सफल हुने भएकाले सो योजना र लक्ष्य अनुसार भूमि अधिकार मञ्च मार्फत योजना पेश गर्न सचेत रहनुपर्छ ।

मोहीहरुलाई जग्गाधनीले थोरै पैसा दिएर जग्गाको हक कटाउने काम गरिरहेकाले पैसा भन्दा जग्गा नै लिने कुरामा मोहीलाई प्रोत्साहित गर्नुपर्छ । मोही घाटामा नहुने स्थिति आएमा ब्यावहारिक सहमति पनि गर्न सकिन्छ । तर यि सबै विषयमा संगठनमा व्यापक छलफल भएको हुनुपर्छ ।

आन्दोलन स्वतन्त्र रुपमा उठ्छ । स्रोतको ब्यवस्थापन गरि मुद्दा टुंगोमा पुर्‍याउनु पर्छ । एक संगठन बराबर ४ प्रतिबद्ध अगुवा निर्माण गरिनुपर्छ । आन्दोलन भित्रको संस्कृती बिकासमा जोड दिनुपर्छ । खर्चमा मित्तब्ययिता अपनाउनुपर्छ । समुदायको वास र अगुवासंगको सम्वादलाई बढाउनुपर्छ । एक गाउँ एक सृजनात्मक काम अनिवार्य हुनुपर्छ ।

## भाग -१

## ग्यालरीमा जे देखियो

### १. संयुक्त पुर्जायुक्त गाविस अभियान :

जिल्ला भूमि अधिकार मञ्च ओखलढुंगाले “संयुक्त पुर्जायुक्त गाविस अभियान” थालेको छ । यसका लागि कुन्तादेवी र मूलखर्क गाबिसलाई आधार बनाईएको छ । गाबिस र राजनीतिक दलसँग सम्वाद गरि संयुक्त पर्जा बनाउन जोडी तयार गरिन्छ । संयुक्त पुर्जा बनाउन ४०/५० जोडी तयार भएपछि मालपोत कार्यालयमा गई गाउँमै टोली पठाई दिन अनुरोध गरिन्छ । मालपोतले गाउँमा टोली पठाउँदा मञ्चकै साथीहरुले सगोलनामा कागज लेख्ने, फोटो टाँस्ने, संयुक्त निबेदन तयार गर्ने काम गर्छन । सबै प्रक्रिया पुरा गरि पुरानो लालपुर्जा संकलन गरि मालपोत कर्यालयमा लगिन्छ । त्यहाँ मोठ भिडाई संयुक्त पुर्जा तयार गरिन्छ । सो पुर्जा मञ्चकै पदाधिकारी वा कार्यकर्ताले घर घर बुझाउने काम गर्छन् । यस वर्ष जिल्ला भूमि अधिकार मञ्च ओखलढुंगाको सहजीकरणमा २८४ जोडीले संयुक्त पुर्जा बनाएका छन्।

### २. स्थानीय स्रोत उपयोग

जिल्ला भूमि अधिकार मञ्च पाल्पाले संगठनलाई दीगो र आत्मनिर्भर बनाउन स्थानीय स्रोत संकलन र सहयोग आदान प्रदानमा जोड दिएको छ । जिल्ला भूमि अधिकार मञ्च पाल्पासँग नियमित कार्यालय सञ्चालनका लागि समेत पुग्दो सहयोग छैन । तथापी सदस्यहरुको योगदानबाटै अभियान चलिरहेको छ।

यसका लागि उनिहरुले देउसी भैलोबाट १४ हजार ६ सय ४ रुपैयाँ संकलन गरि कार्यालय भाडा तिरे । अपुग रकम कार्यसमिति सदस्यहरुबाटै जुटाए । जसका लागि प्रत्येक पदाधिकारी तथा सदस्यले ४७५ का दरले रकम संकलन गरेका थिए ।

कार्यालय सचिव श्रीलक्ष्मी श्रेष्ठको घरमा आगलागी हुँदा मञ्चमा आवद्ध सदस्हरुबाट आर्थिक सहयोग गरिएको थियो । त्यसैगरि जिल्ला मञ्चका सचिव दल बहादुर रासकोटीलाई पितृशोक पर्दा पनि जिल्ला मञ्चले सहयोग गरेको थियो । यसले उनीहरुमा भावनात्मक सम्बन्ध विकास भई संगठन दीगो बनाउन पनि सहयोग भईरहेको छ ।

### ३. बिस्थापितहरुको बस्तीमै सरोकारवाला

जिल्ला भूमि अधिकार मञ्च रसुवाले भूकम्प प्रभावित भूमिहीन, सुकुम्बासी तथा बिस्थापितहरुको पुनर्स्थापनाका लागि नियमित योजना बनाई अभियान गरिरहेको छ । भूकम्पले हाकु र डाँडागाउँ गाबिसको जमिन क्षति भएपछि ५०४ परिवार बिस्थापित भई लहरेपौवा गाबिसको बोगटीटार र नौबिसेमा अरुको जग्गा भाडामा लिई बसेका छन । उनीहरुको पुर्नस्थापनाका लागि जिल्ला मञ्चले पुर्ननिर्माण प्राधिकरणकमा ज्ञापन पत्रदेखि सामुहिक निबेदन दर्ता गराउने काम गरेको छ ।

बिस्थापितहरुको पुर्नस्थापना गर्न जग्गा दर्ता समितिलाई दवाव दिने उद्देश्यले कार्तिक २७ गते जिल्ला मञ्चको आयोजनामा बिस्थापित बस्तीमै अर्न्तक्रिया कार्यक्रम आयोजना गरियो । जसमा सांसद जनार्दन प्रसाद ढकाल,

पुर्ननिर्माण प्राधिकरणका कार्यकारी सदस्य डा. ध्रुबप्रसाद शर्मा, रसुवाका प्रमुख जिल्ला अधिकारी, स्थानीय बिकास अधिकारी, मालपोत कार्यालय प्रमुख र दलका नेताहरुलाई उपस्थित गराईएको थियो । बिस्थापित बस्तीमै कार्यक्रम भएपछि सरोकारवालहरुलाई उनीहरुको पक्षमा बोल्न बाध्य बनायो । र सक्दो छिटो पुनर्स्थापना गर्ने प्रतिबद्धता पनि जनाए ।

## ४. पोखरी उपभोगको लागि हकदावी :

सिराहाको मोतीडाँडा गाउँ भूमि अधिकार मञ्चले बस्ती छेउमै भएको पोखरी आफुहरुले उपभोग गर्न पाउनु पर्ने माग राखी भोगचलनमा ल्याएको छ । अहिले त्यहाँ माछा पालन गरिएको छ । बिगतमा त्यो पोखरीमा छिमेकी गाबिसका जमिन्दारहरुले माछा पाल्थे । त्यसको संरक्षण, रेखदेख भने स्थानीय समुदायले गर्थे । यो अन्यायपूर्ण भएको कुरा बहसमा आएपछि स्थानीय समुदायले भूमि अधिकार मञ्च मार्फत त्यसको बिरोध गरे । र पोखरीको भोगचलन गर्न थाले ।

उनीहरुको यो प्रयासबाट जमिन्दारहरु चिडिएका थिए । उनीहरुले स्थानीय समुदालाई सो पोखरीको उपयोग गर्न नदिने खेल रचे । यसका लागि उनीहरुले पोखरी भएको ठाउँमा बिरुवा रोप्ने योजना बनाए । त्यहाँ बसेका परिवारलाई हटाउने प्रयास गरे । भूमि अधिकार मञ्चले त्यसको प्रतिरोध गर्‍यो । स्थानीय राजनीतिक दल र गाबिस सचिवसँग छलफल भयो । सचिव गणेशबहादुर नेपालीले खुलेर सहयोग गरेपछि ईलाका प्रशासन कार्यालयमा त्यहाँ बसेका परिवारलाई २/२ कट्‌ठा जग्गा भोग गर्न दिने सहमति भयो । बाँकी जग्गामा प्रत्येक परिवारले ५/५ ओटा बिरुवा लगाउने योजना बनाए ।

अहिले पनि बिवाद टुङ्गिएको छ तर समुदायको पक्षमा गाबिस सचिव र दलहरु भएकाले उठीबास भएको छैन । गाउँमै सरोकारवालाहरुलाई लगेर स्थालगत अवलोकन गराएपछि सजिलो भयो । गाबिस सचिवले पोखरी ठेक्कामा लगाउन सूचना जारी गरेका छन् । तर त्यो पोखरीको ठेक्का स्थानीयले नै पाउने गरि निर्णय हुने बताएका छन् । त्यहाँ २५ परिवार गाउँमञ्चमा संगठीत छन् ।

## ५. सम्वादबाटै हक प्राप्त :

जिल्ला भूमि अधिकार मञ्च सिन्धुपाल्चोक, बेदर्तावाल मोहीलाई सम्वादबाटै जग्गा दिलाउन सफल भएको छ । उनीहरुले बेदर्तावाल मोहीलाई जग्गा दिलाउन ६/७ वर्षदेखि कुत रोकेका थिए । जग्गाधनीलाई बोलाएर छलफल गरेका थिए । मोही हक नपाए जग्गा नछोड्ने अडान राखेपछि जग्गाधनीहरु मोहीलाई हक दिन सहमत भए । यस वर्ष ५ जना बेदर्तावाल मोहीले हक पाएका छन् ।

यस्तै राष्ट्रिय निकुञ्जसँग छलफल गरी बालीनालीको क्षतिपुर्ति लिन सक्ने भएका छन् । लाङटाङ राष्ट्रिय निकुञ्जबाट हेलम्बुका समुदाय पीडित थिए । जीवजन्तु आएर खेतीपाती खाई दिन्थे । त्यसको क्षतिपुर्तिको बिषयमा थाहा थिएन । यस विषयमा गाउँमा निकुञ्जकै मानीस आएर क्षतीपुर्तीको प्रक्रिया बारे वताएका छन् र क्षतिपुर्ति लिन सक्ने वतावरण तयार भएको छ ।

## ६. गोरखापत्र बोकेरै निबेदन दर्ता

जिल्ला भूमि अधिकार मञ्च ललितपुरले जग्गा दर्ता कार्यबिधि अनुसार ५४४ निबेदन दर्ता गराएको छ । गुठी, बेनिस्सा, स्ववासी जग्गा भएका र ऐलानी जग्गामा बस्दै आएका परिवारले जग्गा दर्ताका लागि निवेदन पेश गरेका छन् । निवेदन पेश गर्न जाँदा गाबिस वा नगरपालिकाले दर्ता गर्न मानेका थिएनन् । आफुलाई केही थाहा नभएको भन्दै पन्छिन खोजेका थिए । त्यसपछि मञ्चका साथीहरुले सूचना प्रकाशन भएको गोरखापत्र र जग्गा दर्ता कार्यबिधि नै बोकेर गाबिस, नगरपालिकामा धाएपछि निबेदन दर्ता भएका हुन ।

## ७. लैंगिक हिंसा बिरुद्धको अभियानमा संयुक्त पुर्जा

जिल्ला भूमि अधिकार मञ्च महोत्तरीले लैगिंक हिंसा बिरुद्धको १६ दिने अभियान अवधीमा संयुक्त पुर्जाबारे समुदायमा छलफल गर्‍यो । राष्ट्रिय अभियानलाई आधार बनाएर छलफल गर्दा सवाल बुझाउन सजिलो भयो । सोही अवधीमा ११७ जनाले संयुक्त पुर्जा बनाए ।

## ८. जग्गा नापी गरेर आधार पत्र

सुर्खेतको सालकोट गाबिसमा पुरानो बस्ती थियो । त्यसलाई वन प्रशासनले हटाउन खोज्यो । उनीहरुले जिल्ला मञ्चमा आएर आफ्ना कुरा राखे । आधार प्रमाण लिने कुरा भयो । यसका लागि गाबिसमा गएर छलफल गर्दा शुरुमा गाबिस सचिवले आधार प्रमाण पत्र दिन मानेन् । दलहरुले पनि बिरोध गरे । पछि नेताहरुलाई छुट्टै भेटेर कुरा गरियो । दलहरुको संयुक्त बैठक बोलाउन सम्भव भयो । मञ्चले निरन्तर प्रयाश गरेपछि स्थानीय स्वायत्त शासन ऐनका आधारमा समस्या फुकाउने सहमति भयो । गाबिसले ५७ हजार रुपैयाँ छुट्याएर दलका नेता सहित लगेर जग्गा नापी गरी आधार पत्र दिने निर्णय गरियो । त्यसपछि अमिन ल्याएर नापी गराई चारकिल्ला प्रमाणित गरेर पतिपत्नीको संयुक्त नाम वा आधार प्रमाण दिईएको छ । आधार प्रमाण पत्रमा जग्गाको क्षेत्रफल, कित्ता नं., साँधसिमाना समेत खुलाई दलका नेता र गाबिस सचिवले हस्ताक्षर गरेका छन् ।

## ९. स्थानीय तहबाट आन्दोलनमा सहकार्य

जिल्ला भूमि अधिकार मञ्च कैलालीले सुदूपश्चिम मिडिया बिकास केन्द्र (एफएमडिसी)संग सहकार्य गरि १० जना अभियानकर्ता परिचालन गरेको छ । भूमि अधिकार मञ्चमा आवद्ध सदस्यहरु नै अभियानकर्ताको रुपमा परिचालन गरिएकाले संगठनको सुदृढीकरणमा पनि सहयोग पुगेको छ । एफएमडीसीले पिछडिएका समुदायको ब्यक्तिगत घटना दर्ता, नागरिकता जस्ता काममा सघाईरहेको छ। उनीहरुले गाउँ भूमि अधिकार मञ्चकको बैठक, सदस्यता नवीकरण, आन्दोलन कोष संकलन तथा अन्यायका घटना बिरुद्धको प्रतिरोध गर्ने अभियानमा सघाईरहनु भएको छ ।

## १०. स्थानीय स्रोत उपयोग

कञ्चनपुरका २२ ओटा संगठनले २१ लाख ५१ हजारको योजनामा बजेट प्राप्त गरेका छन् । यसका लागि स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा सहभागी भएका थिए । वडा नागरिक मञ्चमा भूमि अधिकारबाट बञ्चित परिवारको प्रतिनिधित्व गराउने काम गरिएका थिए । अस्थायी बस्ती, शौचालय, बाटो ग्राबेल कुलो, ट्युवेल तथा बिद्यालय निर्माणका लागि सहयोग पाएका छन् । यसले उठीबासबाट रोक्ने वातावरण बनेको छ ।

## ११. स्थानीय सहमतिमा बस्ती संरक्षण

बाराको मन्दिरटोल र बेहरी टोललाई बिशेष आर्थिक क्षेत्र घोषणा गरिएको छ । त्यहाँको बस्ती खाली गर्ने योजना सरकारको छ । ठाउँ खाली गराउनका लागि राती डोजर लगाईयो । भूमि अधिकार मञ्चले त्यसको बिरोध गरेपछि डोजर फर्क्यो । त्यसपछि सहमतिका लागि बिशेष आर्थिक क्षेत्र (सेज) का प्रमुख चण्डिकाप्रसाद भट्ट, सेज सहयोग समिति, भूमि अधिकार मञ्च र राजनीतिक दलका प्रतिनीधि बसेर बिकल्प नदिएसम्म बस्न दिने, बालीक्षति भएको परिवारलाई क्षतिपुर्ति दिने र बिस्थापित हुने परिवारलाई बिकल्प दिई पुर्नस्थापना गर्ने सहमति भएको छ ।

## १२. वन क्षेत्रमा पारिएको जग्गा समुदायलाई फिर्ता

रुपन्देहीको बिष्णुपुरा गाबिसको मण्ठाधारीमा सयौं परिवार लामो समयदेखि बस्दै आएका छन् । उनीहरु बस्दै आएको जग्गा दर्ता छैन् । त्यहाँ सामुदायिक वन बनाईएपछि उनीहरु बस्दै आएको जग्गा पनि वन क्षेत्रभित्र पारियो । यसले त्यहाँ तनाव थियो-वनले हटाउन खोज्ने । त्यहाँ बस्दै आएका परिवार छोड्न नमान्ने । अन्तै जाने ठाउँ पनि थिएन । यस सम्बन्धमा भूमि अधिकार मञ्चले जिल्ला र गाउँ तहमा दलका नेता, सरकारी कार्यालय, गाबिससँग उनीहरुको सुरक्षित बासको बिषयमा कुरा गरेपछि सो क्षेत्रबाट वनको सिमाना हटाईएको छ । त्यहाँ १२ बिघा जग्गा भोगचलनमा छ ।

## १३. दीगो संगठनका लागि सामग्री संकलन

जिल्ला भूमि अधिकार मञ्च कपिलबस्तुले कार्यालय ब्यवस्थापन, नियमित बैठक सञ्चालन जस्ता कार्यमा सहजता ल्याउन सदस्यहरुबाट भाडाकुडा सकंलन गरेको छ । जिल्ला मञ्चको बैठक बस्दा खर्चिलो हुने र बाह्य सहयोग उपलब्ध नभएको अवस्था धान्न नसकिने भएकाले संगठनलाई नियमित बनाउन भाडाकुँडा संकलन गरिएको हो । उनीहरुले १५ हजार ६ सय ५० रुपयाँ बराबरको भाडाकुडा संकलन गरे । जसमा गिलास, चम्चा, कराई, केट्ली, डसना, सिरक, तन्ना, तकिया, प्रेसर कुकर, छन् । साथै यातायात खर्च वाफतको पैसा बचाएर ग्यास सिलिण्डर खरिद गरिएको छ । घरेलु तथा साना उद्योग कार्यालयसंग सहकार्य गरि चिउरा कुटाई प्रशिक्षण चलाए । सोही चिउरा बैठकमा खाजा स्वरुप उपयोग भईरहेको छ ।

## १४. संस्थासँग सहकार्य

जिल्ला भूमि अधिकार मञ्च नवलपरासीले ईन्द्रेणी सामाजिक विकास केन्द्रबाट सहयोग लिएर जमुनिया गाउँ भूमि अधिकार मञ्चका सदस्यहरुलाई माछा ब्यवशायमा संलग्न गराएको छ । ७५ परिवारले माछा पालन गरेका छन । जिल्ला मञ्च नवलपरासीले स्थानीय स्रोत जुटाएरै २३ जोडीको संयुक्त बनाएको छ।

## १५. उठीबास भएको बस्ती पुर्नस्थापना

जिल्ला भूमि अधिकार मञ्च सप्तरीले उठीबास हुन लागेको बस्ती पुर्नस्थापना गर्न सफलता प्राप्त गरेको छ । दलित बस्ती हटाएर वृक्षारोपण गर्न वन कार्यालयमा निबेदन दिईएको थियो । बृक्षरोपणका लागि एक सांसदले निर्वाचन क्षेत्र बिकास कोषबाट साढे ४ लाख रुपैया पनि दिने भनेका थिए । नगरपालिका कार्यकारी अधिकृत पनि वस्ती हटाउने पक्षमा थिए । जिल्ला भूमि अधिकार मञ्चले यसको विरोध गरेपछि वस्ती जोगिएको छ ।

अहिले नगरपालिकाबाटै २५००० सहयोग लिईएको छ । मञ्चको घर बनाउन डेढ कठ्ठा जग्गा छुट्याईएको छ ।

## १६. बड्घरको सहयोगमा संयुक्त पुर्जा अभियान

जिल्ला भूमि अधिकार मञ्च बर्दियाले संयुक्त पुर्जा निर्माणका लागि बड्घरको सहयोग लिएका छन् । बडघर, वडा नगारिक मञ्चका संयोजकहरुले संयुक्त पुर्जा बनाएको कुरालाई चर्चामा ल्याएपछि अरु पनि सकारात्मक भए । मिडियाले पनि यसको चर्चा गर्‍यो । त्यसपछि संयुक्त पुर्जा बनाउनेको संख्या बढेको छ । जोडी तयार भएपछि मालपोत कार्यालयमा जान्छन् । प्रमाण हेर्ने काम मञ्चकै साथीहरुले गर्नु हुन्छ । मोठ भिडाउने काम समेत मालपोतले मञ्चलाई दिन थालेको छ । महिला हिंसा बिरुद्धको १६ दिने अभियानमा ५२ जोडीलाई सम्मान गरेपछि झन् सजिलो भएको छ । राष्ट्रिय अभियानमार्फत अभ्यास गर्दा मिडियामा ल्याउन पनि सजिलो हुने रहेछ । यस वर्ष बर्दियाले १०६ जोडीको संयुक्त पुर्जा बनाएको छ ।

## १७. गाउँब्लकको जग्गा,सगोलनामा

जिल्ला भूमि अधिकार मञ्च उदयपुरले गाउँब्लक जग्गा नापी प्रक्रियामा सहजीकरण गरिरहेको छ । यसै क्रममा जग्गाको लालपुर्जा श्रीमान श्रीमति दुबै जनाको स्वामित्वमा हुनु पर्ने कुरा पनि उठाईएको छ । जग्गा सम्बन्धि धेरै कागज पत्र पुरुषको नाममा भएका र नापी गर्दा नै दुबै जनाको नाममा गर्न नापी कार्यालयले समस्या देखाएपछि जग्गा पाउने परिवारलाई सँगोलनामा गराई दिन १९९ परिवारले निबेदन दिएका छन् ।

यसका लागि पनि जिल्ला भूमि अधिकार मञ्चले निकै संघर्ष गर्नु परेको थियो । सगोलनामा गर्न चाहने परिवारको लागि निबेदन दिन सूचना जारी गराईयो । त्यसपछि नापी कार्यालयबाट नापी भएको कागजको फोटोकपी लिएर घरदैलो गरि जग्गा नापी भर्ने परिवारबाटै सगोलनामाको निवदेन दिन लगाईयो । निवेदन सोझै दिन नमिल्ने कुरामा बिवाद आएपछि हुलाकबाट सगोलनामाको निबेदन पेश भएका छन् । लालपुर्जा लिंदा नै सजकता अपनाईएकोले कम खर्चमा पनि संयुक्त पुर्जा बन्दैछ ।

## १८. जग्गाको उपयोग र स्थानीय स्रोत दावी

जिल्ला भूमि अधिकार मञ्च दाङले यस वर्ष बाँझो जग्गाको उपयोग, स्थानीय स्रोत दावी र संयुक्त पुर्जा अभियानमा जोड दिएको छ । यस वर्ष १२ लाख २५ हजार स्थानीय स्रोत प्राप्त गरेको छ । १२८ परिवारले ३७ विघा १६ कट्ठा उपयोग गरेका छन । ९८ परिवारले थप ७ विघा खाली जग्गा खोजी उपयोग गरेका छन । सिसहनिया गाविसको परिषदमा जिल्ला मञ्चले संयुक्त सम्बन्धि योजना बनाई पेश गरेको छ ।

## १९. हकसाजी प्रक्रियाबाट मोहीलाई जग्गा

जिल्ला भूमि अधिकार मञ्च सर्लाहीले हकसाजी प्रक्रियाबाट मोहीलाई जग्गा दिलाउन सहजीकरण गरिरहेको छ । चन्द्रनगर गाविसमा १८ जनाले कमाएको जग्गा साहुले बेचेको रहेछ, २५ हजार कठ्ठाका दरले । त्यस बिषयमा कानून ब्यवशायीसँग परामर्श गरि हकसाजीको प्रक्रिया अनुसार मोहीलाई सबै जग्गा दिलाउन मुद्दा गरियो । १८ जना मोहीले कमाएको जग्गामा मोही हक कायम गराई बाँकी जग्गा सरकारी दर रेटमा आफै किनेका छन् । यस प्रक्रियाबाट जग्गा लिंदा १८ जना मोही किसानले १५ विघा १४ कट्ठा जग्गाको स्वामित्व

लिए । यसले मोहीलाई नसोधी जग्गा बेच्न नपाउने सन्देश पनि गएको छ । हकसाजी प्रक्रियाबाट सस्तोमा जमिन पाए । सबै जग्गा लिन किसानहरुले ३० लाख रुपैया जम्मा गरेका थिए । चलनचल्तीको मुल्य प्रतिकट्ठा साढे २ लाख छ ।

## २०. जग्गा सम्बन्धि लगत र स्थानीय भाषामा सूचना

जिल्ला भूमि अधिकार मञ्च रौतहटले मोही हक दावीका लागि चाहिने लगत उपलब्ध गराईदिएपछि अभियानमा ठूलो सहयोग पुगेको छ । गाबिसमा भएका जग्गा सम्बन्धि लगतको फोटो खिचेर जिल्ला मञ्चको कार्यालयमा राखिएको छ । किसानहरुले त्यही लगत हेरेर निबेदन पेश गर्न सजिलो भएको हो । साथै मधेश मसला एफएमलाई मोही सम्बन्धि, सूचना सामाग्रीहरु स्थानीय भाषा(भोजपुरी)मा अनुवाद गराई ४ महिना सम्म प्रशार गराईयो । यसले मोही निवेदन दर्ता गर्नेको संख्या बढेको छ । दलका मान्छे पनि मोही बाँडफाँडका लागि सघाउन उत्साहित छन । मोही हक लाग्ने ५ गाबिसको १८६-९-१० जमिनको लगत जिल्ला मञ्चमा छ । ५५९ जनाले मोही हकका लागि निवेदन दर्ता गराएका छन्।

## २१. मोही अभियानमा सञ्चार माध्यमको उपयोग

जिल्ला भूमि अधिकार मञ्च बाँकेले अदालतबाटै मोही किसानमाथि अन्याय हुने कुरालाई सञ्चार माध्यम मार्फत बाहिर ल्याई मोही मुद्दा दर्ता प्रक्रियामा सहजता ल्याएको छ । जिल्ला अदालतमा रहेका मोही सम्बन्धि मुद्दामध्ये अझै पनि १ हजार ६८ मुद्दा फच्र्यौट हुन बाँकी रहेको कुरालाई बाहिर ल्याएपछि मोही किसानमाथी गर्ने ब्यवहारमा सुधार भएको छ । जिल्ला मञ्चले छलफल, अर्न्तक्रियामार्फत गाउँमा सूचना प्रवाह गरिरहेको छ भने प्लट रजिस्टर, फिल्ड बुक र श्रेस्ता निकालेर मुद्दा दर्ता प्रक्रियामा पनि सहयोग गरेको छ ।

## २२. नापी भएको २८ वर्ष पछि लालपुर्जा

जिल्ला भूमि अधिकार मञ्च नुवाकोट, २०४५ सालमा वनेको पुर्जा वितरण गराउन सफल भएको छ। महिला हिँसा विरुद्धको १६ दिने अभियानसंगै जग्गा दर्ता र संयुक्त पुर्जाको छलफल चलाईएको थियो । यस क्रममा गोर्स्याङ गाविसका मोहीहरुले २०४५ सालमा नापी भएको जग्गाको लालपुर्जा नपाएको थाहा भएपछि मालपोत कार्यालयमा छलफल गरि २५ परिवारलाई पुर्जा दिलाईएको हो ।

## २३. पुनर्निर्माण प्राधिकरणको सभा कक्षमा कार्यक्रम :

पुनर्निर्माण र भूमि ब्यवस्थापनका बिषयमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरण र राष्ट्रिय भूमि अधिकार मञ्चले संयुक्त रुपमा अर्न्तक्रिया गर्‍यो । ६९ जना सहभागि रहेको सो कार्यक्रममा ८ जना सभासद थिए । कार्यक्रमको अध्यक्षता प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीले, सञ्चालन प्राधिकरणका कार्यकारी सदस्य डा. बिष्णु भण्डारीले गर्नुभयो । कार्यपत्र भूमि अधिकार मञ्चको तर्फबाट प्रस्तुत भयो । १७ जना समुदायका ब्यक्तिले बोले । संबिधानले आवास अधिकार दिएको बेला लालपुर्जाको कारण देखाई घरबासबाट बञ्चित गरिनु नहुने धारणा सांसदहरुले राखे । प्रमुख कार्यकारी अधिकृतले भूमि अधिकार मञ्चले स्थलगत अध्ययन गरि ल्याएको सुझावलाई सम्पत्तिको रुपमा ग्रहण गर्न प्रतिवद्दता आयो । साथै उनले पुनर्निर्माण सामुदायिक समिति गठनमा भूमि अधिकार मञ्चले सघाउनु पर्ने प्रस्ताव गर्नुभयो ।

भाग -२

## सवलागत अभियान र उपलब्धि

सवाल र सहयोगको प्रकृति मिलेका जिल्लाहरुलाई एक ठाउँमा राखी जिल्लागत प्रस्तुती गरिएको थियो । त्यसमा आएका उपलब्धि, सिकाई, चुनौतीलाई व्यवस्थित गरि समुहगत प्रस्तुती भएको थियो ।

**अभियान : मोही अधिकार अभियान (सिन्धुपाल्चोक, दाङ, बाँके, बर्दिया, रौतहट, महोत्तरी र सर्लाही)**

**मुख्य उपलब्धि :**

- मोही जग्गा बाँटफाँटका लागि निवेदन पेश अभियान शुरु भएपछि मोहीहरुले हक पाउने प्रक्रिया सुरु भएको छ । ७ जिल्लाका ३७ जना मोही किसानले १५.६० हेक्टर जग्गामा हक पाएका छन् ।
- सिन्धुपाल्चोकमा १८२, महोत्तरीमा १९२, बर्दियामा १०६, दाङमा ५०, सर्लाहीमा २८, रौतहटमा २५ र बाँकेमा ११ गरी ५९४ परिवारले १२८.०४ हेक्टर जग्गामा संयुक्त पूर्जा बनाएका छन्।
- ७ वटै जिल्लामा मोही जग्गा बाँटफाँटका लागि २२२० जना र नामसारीका लागि ६७५ जना मोही किसानले निवेदन पेश गरेका छन् ।

## रचनात्मक काम (१) आगलागी पीडितलाई सहयोग

दाङको गंगापरस्पुर गाविस वडा नं. ८ वाँकी गाउँमा २०७२ चैत २९ गते आगलागी हुदाँ ४६ घर पूर्ण रुपले नष्ट भएका थिए । त्यसरी क्षति हुने ७ परिवार बाँकी गाउँ भूमि अधिकार मञ्चको सदस्य थिए । यस्तो अवस्थामा गाउँ भूमि अधिकार मञ्च, जिल्ला भूमि अधिकार मञ्चको अगुवाईमा तत्काल राहत संकलन गरियो । ३९२ थान लत्ताकपडा, ३५ थान भाडाँकुडा र गोवरडिहा, गंगापरस्पुर, सिसहनिया गाउँ मञ्चवाट २० क्वीन्टल २८ किलो धान, ५ क्वीन्टल ५३ किलो चामल, ४ क्वीन्टल ४५ किलो गहुँ र ५५ किलो तरकारी संकलन गरि उपलब्ध गराईयो । सामुदायिक आत्मनिर्भर सेवा केन्द्र र राष्ट्रिय भूमि अधिकार मञ्चको पहलमा ४६ थान ब्ल्याङ्केट उपलब्ध गराईयो ।

## रचनात्मक काम (२) सामुहिक खेतीबाट आन्दोलन कोष

बर्दियाको ठाँडाफाँटा, ववुवा, भुटैया, तिनकठुवा गाउँ भूमि अधिकार मञ्चले २ बिघा १० कट्ठा (ठाँडा फाँटा गाउँ मञ्चले १-१०-० ववुवा गाउँ मञ्चले ०-१०-०, भुटैया गाउँ मञ्चले ०-७-०, तिनकठुवा गाउँ मञ्चले ०-३-०) जग्गामा सामुहिक रुपमा खेती गरि ३८ क्वीन्टल धान उत्पादन गरे । जुन धान बिक्री गरि ७६ हजार रुपयाँ आन्दोलन कोषमा जम्मा गरिएको छ ।

**सिकाई :** (१) परिवेश अनुसार सवाल उठान गरि सूचना प्रसारणले सरकारी निकाय र सञ्चार माध्यमसँग सहकार्य प्रभावकारी र विश्वसनीय हुने रहेछ । (२) संयुक्त पूर्जा अभियानमा वडघर, राजनीतिक दलका नेता, वडा नागरीक मञ्चका संयोजक, शिक्षक, स्वयंसेवीहरुको साथ लिन सकेमा समुदायमा बिश्वास बढाउन सजिलो भयो ।

**चुनौती :** (१) मोही र जग्गाधनी बीच मिलापत्रको नाउँमा मोहीलाई न्यूनतम् रकम लिएर मिल्न बाध्य बनाउने काम भईरहेको छ ।

**अभियान : सांगठानिक बिकास र अधिकार दावी** (कञ्चनपुर, कैलाली, सुर्खेत, पाल्पा, बारा र सप्तरी)

**मुख्य उपलब्धि :**

- विरेन्द्रनगर नगरपालिका वडा नं १७ र १८ का ६३ परिवारले २ विघा २ कट्ठा ८ धुर गाँउ ब्लक जग्गाको लालपुर्जा प्राप्त गरेका छन । पाल्पाको १ जना बेदर्तावाल मोहीले ५ रोपनी जग्गा प्राप्त गरेका छन् ।

- सप्तरी जिल्लामा मोही जग्गा बाँडफाँडको लागि ९७२ र नामसारीको लागि १९६१ निवेदन पेश गरिएका छन् ।

- बारामा बन्ने भनिएको लागेको अर्न्तराष्ट्रिय बिमानस्थलका कारण बिस्थापित हुने अवस्थामा रहेका १४७६ परिवारको पुर्नवासको सन्दर्भमा ३ ठूला पार्टीका शीर्ष नेताहरुसँग छलफल भएको छ । बिकल्प बिना उठीबास नगरिने कुरामा तीनै दलका शिर्ष नेता सहमत छन् ।

- सुर्खेत जिल्लाको सालकोट गाविसका ३९० जनाले श्रीमानश्रीमतीको संयुक्त नामबाट जोतभोग तथा बसोवासको आधार प्रमाण पत्र लिएका छन ।

- कञ्चनपुरका २२ संगठनले २१ लाख ५१ हजार ८ सय र सप्तरीको ३ संगठनले २ लाख ८० हजार गरी २५ संगठनले २४ लाख ३१ हजार ८ सय रुपयाँको योजना प्राप्त गरेका छन । जिल्ला भूमि अधिकार मञ्च कैलालीले भूमिहीन तथा हलिया अगुवाहरुको क्षमता बिकासका लागि मसुरीया गाविसबाट १ लाख ५ हजार रुपयाँ सहयोग प्राप्त गरेको छ ।

- कञ्चनपुरका ७ संगठनले ४२ विघा १३ कट्ठा १२ धुर जग्गामा खेती गरि १४ लाख ५४ हजार ६ सय ५० रुपयाँ बराबरको तरकारी, खाद्यान्न उत्पादन गरेका छन । खोला किनारमा रहेको ५५ विघा १० कट्ठा बाँझो जग्गा उपयोग गरी १९ लाख ४९ हजार ३ सय ३९ रुपयाँ आम्दानी गरेका छन । यसमा ३८० परिवार संलग्न छन् । पाल्पामा १ नयाँ सहकारी गठन गरीएको छ । जसमा ४८ महिला र २४ पुरुष गरि ७२ जना सदस्य छन् । १ लाख ३१ हजार ४ सय बचत संकलन भएको छ ।

- कञ्चनपुरको ३६ गाउँ मञ्चमा १००४, कैलाली ३८ गाउँ मञ्चमा १०२६, सुर्खेतको ८६ गाउँ मञ्चमा १,८०४, पाल्पाको १८ गाउँ मञ्चमा ५४६, बाराको ४० गाउँ मञ्चमा ८१५ र सप्तरीको ५२ गाउँ मञ्चमा १४७० गरी जम्मा २७० गाउँ मञ्च जम्मा ६६६५ जनाको सदस्यता नविकरण भएकोछ । कञ्चनपुरका ५ गाउँ मञ्चमा १०९, बाराका २ गाउँ मञ्चमा ७० र सप्तरीको ५ गाउँ मञ्चमा १०४ गरी १२ गाउँ मञ्चमा २८३ जनाले नयाँ सदस्यता वितरण गरेका छन् ।

- ६ जिल्लाका २०९ गाउँ भूमि अधिकार मञ्चले ५ लाख ३८ हजार ४ सय ३४ रुपयाँ आन्दोलन कोष स.कलन गरि उपयोग गरेका छन । (कञ्चनपुर ४१ गाउँ मञ्चमा ८८७३०, कैलाली १८ गाउँ मञ्चमा ५१६९२, सुर्खेत ६७ गाउँ मञ्चमा ७३३४६, पाल्पा १८ गाउँ मञ्चमा १४४००, बारा २७ गाउँ मञ्चमा १५९६६६, र सप्तरी ३८ गाउँ मञ्चमा २१०००) ।

- यस वर्ष कञ्चनपुरमा ८८, कैलालीमा ४०, सुर्खेतमा ५२, पाल्पामा २५, बारामा ४० र सप्तरीमा ५२ जना गरी जम्मा २९७ अगुवा परिचालन भएका छन् ।

**रचनात्मक काम :** जिल्ला भूमि अधिकार मञ्चको सहजीकरणमा सालकोट गाबिसका ३९० परिवारले जोतभोग तथा बसोबासको आधार प्रमाण लिंदा कित्ता नं., क्षेत्रफल र संधियार समेत प्रमाणीत गरि श्रीमान श्रीमतिको संयुक्त नामबाट दिईएको छ । जसमा दलका प्रतिनीधि र गाबिस सचिवले हस्ताक्षर गरेका छन् ।

**सिकाई :** (१)गाँउ मञ्चका अगुवाहरुको क्षमता विकास र परिचालनको योजना निर्माणमा सहयोग गर्दा संगठनहरु स्वर्स्फुत रुपमा परिचालन हुदा रहेछन् । यसरी संगठन परिचालन हुँदा बाह्य श्रोत जुटाउन पनि सजिलो हुँदोरहेछ । (२) कुनै पनि अभियान आन्दोलन वा कार्यक्रम गर्नु भन्दा अगाडी सम्भाबना, अवसर र विकल्प सहित योजना निर्माण र जिम्मेवारी बाँडफाडले सक्रियतापूर्वक कर्यक्रम सम्पन्न गर्न सकिन्छ ।

**चुनौती :** (१) नियमित श्रोतको अभावले जिल्लामा भएका अभियान आन्दोलनको अभिलेखन व्यवस्थापन, अगुवा कार्यकर्ता परिचालन, योजना निर्माण र कार्यन्वयनमा गर्न सकिएको छैन । (२) अन्य जिल्लाबाट बसाई सराई गरी शिविरमा बस्दै आएका र बसाईसराई दर्ता नभएका परिवारलाई वन कार्यालयले हटाउने सूचना जारी गरेकोछ ।

**अभियान : खाद्य अधिकार अभियान ( सिरहा, उदयपुर र ओखलढुंगा)**

- ३९७ दम्पत्तिले १९६.०६ हेक्टर क्षेत्रफल जग्गाको संयुक्त पुर्जा बनाई जग्गामा महिलाको हक कायम भएको छ । (ओखलढुंगा २८४, सिरहा ४५ र उदयपुर ६८)
- ६० वटा गाउँ मञ्च गठन भई ७ हजार ८ सय ८२ जना सदस्यहरु संगठीत भएका छन । ( ओखलढुंगा १७, सिरहा १५ र उदयपुर २८) ।
- गाउँब्लक जग्गा नापी भई ९६१ परिवारले (सिरहाको २९५) ६०.९३ हेक्टरको स्वामित्व प्राप्त गरेका छन् ।
- ५९६ परिवारलाई कृषि उद्यममा सहयोग (ओखलढुंगामा १६४, सिरहामा १९५ र उदयपुरमा २३७)
- हेल्भेटासको प्राविधिक सहयोगमा उदयपुरको त्रियुगा नगरपालिका सरस्वती, बोजे माटे खोला गाउँ मञ्चमा र क्रान्ति गाउँ मञ्च (तपेश्वरी) गरी ४६ परिवारले ६ विघा जग्गामा बगर खेतीको शुरुवात गरेका छन् ।

**रचनात्मक काम :** जिल्ला भूमि अधिकार मञ्च ओखलढुंगाले गाबिसमै मालपोत कार्यालयको टोली लगी संयुक्त पुर्जा शिबिर सञ्चालन गर्‍यो । यसले एकातिर कम खर्चमा काम भयो । अर्कोतिर समयको बचत । संयुक्त पुर्जा बनाउने पपरिवारलाई सजिलो पनि । जसले गर्दा एक दिनमै ५० जनाले संयुक्त पुर्जा बनाए ।

यसका लागि भूमि अधिकार मञ्चले ठूलो मिहिनेत गरेको थियो । बत्ति नभएको ठाउँमा डोकोमा सोलार प्यानल बोकेर पनि बत्तीको व्यवस्था मिलाए ।

**सिकाई :** कुनै पनि सवालको उठान गर्दा त्यस्को विकल्प के हुन सक्छ भन्ने विषयमा पहिले नै खोजी गरेर तयारीका साथ मात्र जवाफदेही वनेर अभियान अगाडी बढाउनु पर्ने रहेछ ।

**चुनौती :** (१) जिल्ला मञ्च र गाउँ मञ्चलाई स्थानीय निकायको योजना तर्जुमामा र बैठकहरुमा सहभागी नगराउनाले भूमिहीनहरुको पक्षमा बजेट नछुट्टिनु । (२) संयुक्त पूर्जा बनाउने क्रममा मालपोत कार्यालयमा लेखापढी व्यवसायी र कर्मचारीले नै किन संयुक्त पुर्जा बनाई झन्झट गर्न खोजेको भनी संयुक्त पुर्जा बनाउने जोडीलाई भड्काउने काम गरेको ।

**अभियान : पुनर्निर्माण प्रक्रियामा भूमि सवालको सम्बोधन अभियान (काभ्रे, दोलखा, गोरखा, धादिङ, मकवानपुर, सिन्धुली, ललितपुर, नुवकोट, रसुवा)**

**उपलब्धि :**

- दोलखा, सिन्धुपाल्चोक, ललितपुर र नुवाकोटका ७१ जनाले १२२ रोपनी १४ आना २ पैसा जग्गाको स्वामीत्व प्राप्त प्राप्त गरेका छन ।
- दोलखा लामीडाँडाका १३ परिवारको कालिका भगवती गुठीको ११९ रोपनी जग्गामा मोही कायम भएको छ ।
- रसुवाका ४४१ परिवार गुठी जग्गा कमाउने किसानलाई न्युनतम् मुल्यमा जग्गा उपलब्ध गराउने सहमति भएको छ । यसबाट २०१४ सालदेखिको कुत नबुझाई ५ हजार ११ रोपनी जग्गामा किसानहरुको हक कायम हुने बाटो खुलेको छ । रसुवा हाकुको बिस्थापित परिवारलाई पुनर्स्थापना गर्नका लागि जग्गा खोजी भएको छ ।
- लालपुर्जा नभएर पुनर्निर्माण प्रक्रियामा समावेश हुन नसकेका १४७ परिवारले अनुदान सम्झौता गरेका छन ।
- पुनर्निर्माण प्रक्रियामा भूमि अधिकारबाट बञ्चितहरुको समस्या सम्बोधन गर्न प्राधिकरणले ४ ओटा बिकल्पमा (लालपुर्जाका आधारमा, जग्गा दर्ता र सो का आधारमा, अस्थायी निस्सा र सर्जमिनका आधारमा र सरकारी लगत र सर्जमिनका आधारमा) अनुदान सम्झौता गर्ने भएको छ ।
- दोलखा, काभ्रे, धादिङ, गोरखामा जिल्ला तदर्थ समिति निर्माण गरिएको छ । १७ ओटा गाउँ भूमि अधिकार मञ्च गठन भई ५९२ परिवार संगठीत भएका छन ।
- पुनर्निर्माण प्रक्रियामा भूमि अधिकारबाट बञ्चितहरुको पक्षमा पुनर्निर्माण प्राधिकरण सकारात्मक छ । भूमि अधिकार मञ्चकै सहजीकरणमा जिविकोपार्जनमा काम गर्दै आएका संस्थाहरु *(डिप्रोक्स, होमनेट, महिला एकता समाज)*ले पनि निबेदन दर्ता प्रक्रियामा सहयोग गरेका छन्।

**सिकाई : (१)** सवाललाई पुष्टि गर्ने प्रमाण र तर्कको आधारमा वकालत गर्दा पिडितहरुको कुरा बढी सुनवाई हुने रहेछ । यसका लागि समस्या र बिकल्पका उदाहरण, घटना, सूचनाबारे जानकारी हुनुपर्छ । (२) नियमित सम्वाद, जानकारी आदान प्रदान र नीति कार्यान्वयनको अभ्यास गर्दा संगठनको मागलाई सरोकारवाले अपनत्व देखाउने रहेछन । यसले पिडितको मुद्दालाई साझा बनाउन मद्दत पुग्नेरहेछ । भूकम्प प्रभावित क्षेत्रका समस्याबारे प्राधिकरणमा नियमित जानकारी गराएपछि संयुक्त रुपमा कार्यक्रम गर्न सफल भयौं ।

**चुनौती :(१)** निबेदन पेश गर्नका लागि जारी गरिएको सूचना जिल्लामा नपुग्दै म्याद सकियो । दोस्रो पटक थपिएको सूचनाका बिषयमा प्राधिकरणकै जिल्ला कार्यालयहरुले आफुलाई थाहा नभएको बताए । (२) ककर्यबिधिमा फरक फरक बुझाई रह्यो । जग्गाको सिमा, राजस्व, दर्ताको प्रक्रियाको बिषयमा आ आफ्नै तरिकाले ब्याख्या गरि स्थानीय निकायले निबेदन दर्ता गर्न मानेनन् । (३) स्थानीय तहबाट राजनीतिक दल वा सरकारी निकालयले सबै पिडितहरुको समस्या समाधान हुने गरि योजना बनाउन सकेन ।

रचनात्मक काम : पुनर्निर्माण र भूमि ब्यवस्थापनका बिषयमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरण र राष्ट्रिय भूमि अधिकार मञ्चले संयुक्त रुपमा अर्न्तक्रिया गर्‍यो । ६९ जना सहभागी रहेको सो कार्यक्रममा प्राधिकरणका ८ जना संसाद सहभागी थिए । कार्यक्रमको अध्यक्षता प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीले गरे । सञ्चालन प्राधिकरणका कार्यकारी सदस्य डा. बिष्णु भण्डारीले गरे । कार्यपत्र भूमि अधिकार मञ्चको तर्फबाट प्रस्तुत भयो । १७ जना समुदायका ब्यक्तिले बोले । संबिधानले आवास अधिकार दिएको बेला लालपुर्जाको कारण देखाई घरबासबाट बञ्चित गरिनु नहुने धारणा सांसदहरुले राखे । प्रमुख कार्यकारी अधिकृतले भूमि अधिकार मञ्चले स्थाल बिशेष अध्ययन गरि ल्याएको सुझावलाई सम्पत्तिको रुपमा ग्रहण गर्न चाहन्छु भने । साथै उनले पुनर्निर्माण सामुदायिक समिति गठनमा भूमि अधिकार मञ्चले सघाउनु पर्ने प्रस्ताव राखे । पुनर्निर्माण प्राधिकरणकै सभाकक्षमा भएको कार्यक्रम साढे २ घण्टामा सम्पन्न भएको थियो ।

## भाग -३

## सामुहिक छलफल, अनुभव आदानप्रदान

म काठमाण्डौंवासी भएपनि गुठीको मोही हो । आत्मनिर्भर केन्द्रसँग लामो सहकार्य र भाबनात्मक सम्बन्ध छ । भूमि सवालसँग परिचित छु । राज्यले सहि रुपमा भूमिको सम्बोधन नगरेसम्म संगठन र आन्दोलन कमजोर हुनु हुदैन । यही बुझाई बाँड्न यहाँ छु । (कृष्णहरी पनेरु : केएर नेपाल)

पेशाले म पढाउँछु । सिएसआरसीको अध्यक्ष पनि हो । सिएसआरसीको काम पहिला देखी नै नजिकबाट हेरेको हुनाले अहिले आन्दोलनमै हिडिरहेको छु । तर तपाईहरु जस्तो सडकमा छैन, फुटपाटमा छु । व्यक्तिगत रुपमा। तपाईहरु जस्तो खुलेर लाग्न सकेको छैन । हामीले उठाएको मुद्धामा केही आशा लाग्दा काम भएका छन । तथापी मान्छेले हामी र हाम्रो अभियानलाई बुझ्न सकेका छैनन् । कमजोर वर्गले लड्ने औजार पहिचान गरि नागरिक भएर बाँच्न पाउने माग रोजी अगाडी बढ्नुपर्छ । सम्मानपूर्वक बाँच्न पाउँ भन्ने नै हाम्रो आन्दोलनको उद्धेश्य हो । हाम्रो उपलब्धी कति कट्ठा जग्गा पाए भन्ने मात्र हैन, हामीले पाएको मान सम्मान, चिनजानलाई पनि उपलब्धि मान्नुपर्छ । मानविय प्रगतीलाई पनि नतिजामा जोडेर लैजानुपर्छ ।

सिकाई र चुनौती उपलब्धिसँग जोडिन्छ । सिकाईमा श्रोत नहुँदा पनि संगठन परिचालन गर्न सकिएको कुरा आयो । चुनौतीमा श्रोत नहुँदा समस्या भएको आयो । कि ठाउँ अनुसार फरक फरक हुनुपर्‍यो । चुनौती भनेको नकारात्मक सोचाई, काम, व्यवहारले आउन सक्ने नकारात्मक प्रभाव, जसले हामीलाई पछाडी धकेल्न सक्छ । फसाउन सक्छ । त्यसतर्फ ध्यान दिन जरुरी छ । (डा. सुरेश ढकाल)

कृष्ण प्र. श्रेष्ठको जग्गा छोरी रोशनी श्रेष्ठलाई दिई सकेको । उनले लक्ष्मी शर्मालाई बेचेको थिईन् । लक्ष्मी शर्मा डोजर लिएर खन्न गए त्यहाँ । त्यसपछि थाहा भयो कि, मोहीलाई जालसाजी गरेर फसाईएको रहेछ । यस विषयमा अदालतमा मुद्धा हालियो । डोजर लगाउन नदिने, जवरजस्ती गर्न खोजे डोजर लगाउने ठाउँमा सुतेर ज्यान दिने तयार हुने अडान लिएपछि न्यायधिशकै रहोवरमा जमिन रोज्यौं। ८ रोपनी दावी थियो । जमिन छानेकोले ५ रोपनीमा सहमती भयो । २२ रोपनी जमिन थियो, ३ पुस्ता देखि कमाएको । (दल बहादुर रासकोटी, पाल्पा)

अहिलेको काम व्यवस्थापन गर्न सञ्चार हुनुपर्छ । अभिलेख हुनुपर्छ । समस्या पर्दा त काम भईरहेकै छ । तर हामी योजनावद्ध तरिकाले जान सकेको छैन । शक्ति प्रदर्शन, पहिचानको रुपमा अगाडी वढ्न श्रोत आवश्यक देखिएको हो । (राजेन्द्र शर्मा :सुर्खेत)

सर्लाहीको २ ठाउँमा १० जग्गामा सामुहिक खेती गरिएको छ । स्थानीय वासिन्दासँग छलफल गरि प्रत्येक परिवारलाई साढे २ कट्ठाको दरले जग्गा वाँडेका छन् । ऐलानी जग्गा हो । जमिनदारले भूमिहिनलाई अधिया दिएको थियो । त्यो जग्गा जमिनदारबाट छुटाई कमाउने परिवारलाई उपभोग गर्न दिईएको छ । गाउँमा छलफल गरि भोग गर्नेलाई बाँडिन्छ । ८६ जनाले भोगचलन गरेका छन । गाविसले जोतभोगको सिफारिस दिईसकेको छ । ७ परिवार मोहीले प्रमाण नभए पनि सहमतिका आधारमा जग्गा पाएका छन् । मोही निवेदन दिन मालपोतमा जाँदा चिनजानको हिसावले सजिलो भएको छ । गाविस, नगरपालिकामा सिफारिस लिन कठिन भयो । स्थानीय बिकास अधिकारीलाई भेटेर कुरा गरेपछि गाबिस सचिवले सिफारिस दिन थाले ।

जग्गा जोत्न छोडेको हकमा के गर्ने प्रश्न पनि छ । हामी दिनु पर्छ भनीरहेका छौं । माझी, मुसहर समुदायलाई जमिन्दारले मोही लागेको जग्गा जोत्नबाट छुटाएको हो । अरुले आफै पनि जोत्न छोडेका छन । (मदन बिक, सर्लाही)

महोत्तरीका जग्गाधनी काठमाण्डौ बस्छन् । मोहीले निवेदन दिएपनि कसरी बाँडफाँड गर्ने भन्ने समस्या छ । मोही प्रमाण छ । जग्गाधनी चिनेको छैन । कसरी बोलाउने भन्ने पनि थाहा छैन । (राजकुमार बस्नेत, महोत्तरी)

जे अवसर आयो, हामीले त्यही गर्‍यौं । कहिले मोही, कहिले चुरे, कहिले गुठी, एउटा मुद्धा ततायो छोड्यो । यि सबै मुद्दालाई संगसँगै कसरी लैजाने ? भन्ने पनि सोच्नु पर्‍यो । (ल्याम बहादुर दर्जी, अध्यक्ष, राष्ट्रिय मञ्च)

सिराहामा भूमिघर बनाई रहनु भएको थियो । कस्तो अवस्थामा छ ? त्यो पनि उपलब्धीमा आएको भए हुन्थ्यो । ओखलढुङ्गामा संयुक्त पुर्जा बनाउदैछौं, भूमिका अरु सवाल के छन ? यसरी विचार गरिएन भने संगठन टिकाउनमै चुनौती हुन्छ की ? (प्राप्ती अधिकारी, आत्मनिर्भर केन्द्र)

सिराहाको सवाल छ । समस्या छ । त्यसमा टीम अलि बढी सक्रिय भइ लाग्ने हो की ? योजना बनाएर लाग्ने हो भने १/२ महिनामा भूमिघर बनाउन सकिन्छ । सम्मेलनका लागि चामल, तरकारी उठाईन्छ भने भूमिघर पनि कठिन हुदैन । भूमिघर भए अझै सहयोग नै पुग्छ भन्ने पनि बुझ्नु पर्‍यो । (जगत देउजा, आत्मनिर्भर केन्द्र)

विष्णुपुराको पौवा तिलकटोल, पोखरावारी गाउँ मञ्च भएको जग्गा वन क्षेत्र भित्र पार्न घरबारका लागि पिलर र तार लाएर राखिएको थियो । त्यो कुरा जिल्ला मञ्चमा पुगेपछि दलका नेताहरुसँग छलफल गरि घरबार गर्न दिईएन । जिल्ला तहमा अर्न्तक्रिया गरेर पनि यस बिषयमा खबरदारी गरियो । त्यसमा सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष, गाविस सचिव, दलका नेताहरु वोलाईएको थियो । एकै पटकमा निश्कर्ष आएन । मंसिर ५ गते बैठक बस्ने भन्ने निर्णय भयो । २ ओटा सामदायिक वनले यो प्रयास गरेका थिए । सिद्धार्थ सामुदायिक वनले पौवा तिकलटोल बस्तीलाई बाहिर छोडेर घरबार गरिसकेको छ भने पोखरावारी टोल पनि वनको सिमाना भन्दा बाहिर राख्नुपर्छ भनी प्रयास भईरहेको छ । शौचालय बनाउनेलाई आधारपत्र दिने सहमती भएको थियो । (बिष्णु बमरेल, रुपन्देही)

**सहभागीका केही प्रश्न :**

- बुलेटीन पाल्पामा पुगेको छैन । मैले बुलेटिनका लागि लेख पठाएको थिए । छापियो, छापिएन भन्ने पनि थाहा भएन । बुलेटीन कुन कुन जिल्लामा कसरी जान्छ ?
- बसोवास आयोग निर्माण कार्य अन्तिम चरणमा पुगेको कुरा आयो । अन्तिम चरण भनेको कहिलेसम्म हो ?
- हाम्रो बस्ती वनको तारवार भित्र राखिन्छ । नेताहरुले हदवन्दी भन्दा बढी जग्गा राखेका छन । त्यसका विरुद्ध किन जादैनौ ?
- राष्ट्रिय मञ्चको पूर्णकालिन कार्यकर्ता कति छन ? आन्दोलन कोष कति छ ? सिकाई चुनौती के हो ? राष्ट्रिय मञ्चका पदाधिकारी गाउँ मञ्चको सदस्य हुनु हुन्छ कि हुनुहुन्न ?
- महोत्तरी धुर्मुस, सुन्तलीले मुसहर वस्तीमा घर बनाउँदैछन् । त्यहाँ मञ्चले समन्वय गर्न सक्छ होला । महोत्तरी के गर्न सक्छ ।
- मोही प्रमाण संकलन गर्दाका चुनौती छन् । च्यातिएका कागजपत्र छन् । अक्षर नदेखिने छन । यो प्रमाण जुराउन ३ महिना लाग्छ । जिर्ण प्रमाण दुरुष्ट बनाउन पनि मञ्चको पहल हुनुपर्छ ।
- कानुन बनाउने प्रक्रियामा सुझाव पेश गरियो, राष्ट्रिय मानव अधिकार आयोगमा । हामी त्याहाँ किन गयौं, कानुन मन्त्रालयमै किन गएनौ, त्यसले हाम्रो सुझाव ठाउँमा पुऱ्याउछ कि पुऱ्याउदैन ?
- सागरनाथ वन विकास परियोजनाको समाधान स्थायी रुपमा खोजिनु पर्छ । त्यसको दिगो समाधान के हुन सक्छ ?

हदवन्दीको विषयमा केही गरौं । आयोग राम्रो बनाउन जिल्ला जिल्लाबाट खवरदारी गर्नुपर्छ । काठमाण्डौको प्रयास मात्रले केही हुदैन । प्रदेश संयोजक भएको साथीहरु परिचालनको जिम्मेवारी कसले लिने ? विचार गरौं । बुलेटिन ३/३ महिनामा छापिन्छ । सबै जिल्लामा पठाउन खोजेका छौ । सम्पर्क गर्न नसकेको जिल्लामा फेरी पनि पठाउछौं । सान्दर्भिक लेख र रचना छापिन्छ ।

## अनुगमन तथा अभिलेखन सम्बन्धमा : प्राप्ती अधिकारी, पिएमई संयोजक

हामीले काम धेरै गर्छौ । अभिलेखनमा गाह्रो भएको छ । लेखदाखेरी प्रक्रियामा ध्यान दिनुपर्छ । कसको लागि लेख्दैछौं भन्ने विचार गनुपर्छ । अहिले अभिलेखनका लागि एउटा विधि अपनाएका छौं । त्यसले काम र लेखनलाई गुणस्तरीय बनाई रहेकोछ । सिराहा, उदयपुर, ओखलढुङ्गा जिल्लामा त्यसको अभ्यास गरेको छौं । प्रगतीमापक विधि । यो बिधि नै सबैतिर शुरु गरौं । यसले हाम्रो कामलाई गुणस्तरीय बनाउँछ । बाहिर ल्याउँछ । सीप पनि बढाउँछ ।

## आर्थिक व्यवस्थापन प्रक्रिया : अनिता खरेल, वित्त तथा प्रशासन व्यवस्थापक

बजेट निर्माण गर्दा महत्वाकांक्षी भएर नगर्ने । व्यवहारिक रुपमा गर्न सक्ने कामको योजना बनाउने । बर्षलाई ४ भागमा विभाजन गरेर काम गर्दा व्यवहारिक हुन्छ । ३/३ महिनाको योजना बनाउँदा हेर्न, बुझ्न पनि सजिलो । कार्यान्वयन गर्न पनि सजिलो । बजेटको उपयोग पनि राम्ररी हुने । हामीले काम गर्न सकेनौं । दक्ष

छैनौँ भनेर आफुले आफैलाई क्षमा दिनु हुदैन । प्रयत्न गरेमा सम्भव छ । जिल्ला मञ्चहरुको आन्तरिक आर्थिक नियमावली बनाऔँ । प्रत्येक वर्ष लेखापरीक्षण गराउनुपर्छ । यसले हाम्रो कामलाई आधिकारीक बनाउँछ । जिल्ला संयोजक र अध्यक्षले आर्थिक कारोवारको अनुगमन फलोअप गरौँ ।

## जगत देउजा : कार्यकारी निर्देशक

गाउँ मञ्च बलियो नभए सम्म हाम्रो आन्दोलन टुङ्गोमा पुग्न सक्दैन । त्यही महशुष गरेर गाउँमा तिर्सना जगाउन प्रगतीमापक विधि अपनाएका हौँ । परिवर्तन चाहने हो भने समुदायको शक्तिमा विश्वास गर्नुपऱ्यो । उनीहरुलाई नै बलियो बनाएर र अगाडी बढाएर लाग्नुपऱ्यो । बैकल्पिक खालको नीति निर्माणको प्रक्रियामा हामी लागेको छौं । यस बिश्वास नगरी अन्यत्र सोच राख्छौं भने जित्न सक्दैनौ ।

**भाग -४**

## समुहगत छलफलको प्रस्तुती

### १. सञ्चालित अभियानको प्रभावकारीता

संबिधानमा भूमि अधिकारको कुरा आएको छ । मोही जग्गा बाँटफाँटका लागि निबेदन खुला गरिएको छ। पुनर्निर्माण प्रक्रियामा भूमि र आवास अधिकारको कुरा उठीरहेको छ । संयुक्त पुर्जा अभियान फैलिंदो क्रममा छ। स्रोत भएको र नभएको वा स्रोत कम भएको जिल्लामा देखिने गरि फरक नतिजा पाईएन । मोही जग्गा बाँटफाँटका लागि मोही भन्दा जग्गाधनीबाट बढी निबेदन पेश भएका छन । यसले हाम्रो लक्षित समुदाय अझै सशक्त हुन नसकेको देखाएको छ । वास्तविक भूमिहीन हो या होईन भन्ने प्रश्न पनि जटिल रुपमा देखिएको छ । त्यस्तो अवस्थामा कसरी सजग रहने भन्ने कुरा पनि छ ।

संगठन सवलीकरण । अगुवा परिचालन । सवालगत योजना र अभियान । निश्चित क्षेत्र र सवालमा पूरा काम नै अवको रणनीति हुनुपर्दछ ।

### २. परियोजना र आन्दोलन ब्यवस्थापनको फरक

स्रोतको हिसावले तीन प्रकारको काम भईरहेको छ । आफै स्रोत जुटाएर काम । नियमित स्रोत पाएर काम । परियोजनामा आधारित काम ।

**आलोचनात्मक सवाल :** स्रोत कहीं अभाव, कहीं धेरै भएको । एउटै जिल्लामा फरक फरक काम, समन्वयमा कमी । भूमि अधिकार मञ्चलाई एनजिओले उचालेको भन्ने टिकाटिप्पणी ।

**अवसर :**उठाएको सवाल टुंगोमा पुर्‍याउन सकिने अवस्था छ । संगठन छ । पहिचान छ । समुदायमा बिश्वास छ। अगुवा छन् । स्रोतका लागि सहयोगी पनि छन । भूमि बाहेकका आधारभूत समस्या समाधानमा पनि स्रोत जुटाउन सकिन्छ ।

**अवको रणनीति :** जिल्ला भूमि अधिकार मञ्चको पहिचानमा रहेर काम गर्ने । अधिकार दावी र आर्थिक सम्बृद्धिका काम संगसंगै लैजाने । सवालगत अभियान योजना र त्यसैमा सहयोग पुर्‍याउने गरि अन्य परियोजना कार्यान्वयन । संगठनलाई बिधिवत परिचालन गर्ने ।

### ३. आन्दोलनमा आर्थिक स्रोतको जोहो र उपयोग :

**परिवेश :** बाहिरी स्रोतमा बढी निर्भर । आन्दोलन कोषमा नियमितता नभएको । स्थानीय स्रोत र कम खर्चमा अभियान भईरहेको ।

**आलोचनात्मक सवाल :**आन्दोलन कोष ब्यवस्थित हुन नसकेको । जिल्ला मञ्चलाई उपलब्ध स्रोतमा अपनत्व नभएको । स्ोतको मात्रा अनुसार आन्दोलनमा फरकपन नदेखिएको ।

**अवसर :** सदस्यता बितरण, नवीकरण र जिन्सी सहयोग पनि आन्दोलनमा उपयोग र ब्यवस्थित गर्न सकिने । स्थानीय निकाय र अन्य संस्थाहरुबाट सहयोग लिन सकिने ।

**अवको रणनीति :**आन्दोलन कोष व्यवस्थित गर्ने । स्रोत संकलन शिबिर सञ्चालन गर्ने । बिधान परिमार्जजन गरि समायानुकुल संरचना निर्माण । मञ्च र आत्मनिर्भर केन्द्रबीच सहयोग आदान प्रदानको प्रक्रिया निर्धारण। भूमिघर निर्माण । सरकारी स्रोतमा दावी । स्रोतब्यक्ति निर्माण । सामुहिक खेती । खर्चमा मितब्ययिता ।

## ४. भूमि अधिकार आन्दोलन, आधारभूत अधिकारको दावी

**परिवेश :** आन्दोलन लालपुर्जा प्राप्त गर्ने बिषयमा केन्द्रित । समुदायको आधारभूत आवश्यक्तालाई ध्यान दिन नसकिएको । एउटै कुरामा सिमित रहेको अभियान, बलिया र दीगो हुन नसक्ने डर ।

**आलोचनात्मक सवाल :** भूमि बाहेक अन्य अवसरमा पहुँच र ध्यान पुगेन । आधारभूत आवश्यक्तामा दावी गर्ने सीप, क्षमता बढाउन सकिएन । आधारभूत अधिकार र भूमि अधिकार एक अर्काका परिपूरक हुन भन्ने बुझ्न सकिएन ।

**अवसर :** संगठन छ । अगुवा छन । बिभिन्न सञ्जालमा आवद्धता छ । समुदाय लक्षित कार्यक्रम छन । आधारभूत आवश्यक्ताका योजना प्रति बिश्वास, आकर्षण बढ्दै गएकाले आन्दोलन बलियो बनाउन सकिने ।

**अवको रणनीति :** आधारभूत आवश्यक्ता र अधिकार दावीको दृष्टीकोणबाट अध्ययन । आन्दोलनको योजनामा आधारभूत दावीको गतिबिधि समावेश । स्थानीय संयन्त्रमा मञ्चको सहभागिता र नेतृत्व, सम्बन्ध बिस्तारका लागि प्रयास भईरहेको छ ।

## ५. परिवर्तित सन्दर्भमा संगठनको बिकास

**परिवेश :** ५९ जिल्लामा संगठन बिस्तार । ३ तहमा संरचना । जुन राज्यको संरचनासंग मेल खान्छ र तहगत रुपमा वकालत गर्न सजिलो भएको छ । ५० प्रतिशत महिला सहभागिताको सुनिश्चितता छ । गाउँ देखि केन्द्रसम्म पहिचान छ । आत्मनिर्भर संगठनको प्रक्रिया जारी छ । भूमिघर निर्माण, आन्दोलन कोष आदीबाट ।

**आलोचनात्मक सवाल :** संगठनलाई बिधिवत रुपमा सञ्चालन गर्न कठिनाई भएको (भेला, परिषद, सम्मेलन, सदस्यता बितरण, नवीकरण, अभिलेखन, प्रतिबेदन) । आन्दोलन कोषको प्रभावकारी ब्यवस्थापन हुन नसक्नु । केही ब्यक्तिमा दोहोरो जिम्मेवारी । पदाधिकारी र कार्यकर्ता भई एउटै ब्यक्तिले काम गर्नु । राष्ट्रिय मञ्चका सदस्यमध्ये कतिपयको आफ्नो गाउँ मञ्च नहुनु ।

**अवको रणनीति :** सदस्य संख्या र शुलक बृद्धि । राज्यको संरचना अनुसार संगठनको संरचना निर्माण । अगुवा निर्माण र परिचालनमा जोड । गाउँ मञ्चका सदस्यहरुलाई कृषि उद्यम र सहकारीमा आवद्ध गराउने । तहगत संगठनको वार्षिक योजना निर्माण र कार्यान्वयन । दोहोरो जिम्मवारी नलिने ।

## भाग -५, समीक्षा समापन

### रश्ना ढकाल : अक्सफाम

जग्गा पाएपछिको परिवर्तन के छ ? सदस्यहरुले कसरी आत्मसात गरेका छन ? सरोकारवालाले कसरी स्वीकार गरेका छन ? भूमिहिन बाहेकलाई पनि आन्दोलनमा सहभागी गराउँदा छिटो परिवर्तन आउन सक्छ की ? भन्ने पनि सोच्नुपर्छ । समिक्षामा राम्रो पक्ष मात्र देखायौं । केही नराम्रो पक्ष पनि छन कि ? जसले हामीलाई सुधार्न पनि सहयोग पुग्छ । परिवारमा अंशवण्डा गराएर संयुक्त पुर्जा बनाएको देखियो । यसले परिवारमा कुनै नराम्रो पनि भयो कि ? आन्दोलन बाहेकका क्षेत्रमा काम गरि नयाँ विधि सिकेका छौं । त्यसको उपयोग कसरी बढाउँदै लान सकिन्छ ? भूमिसँग जोडिएको द्वन्द समाधान गर्न कसरी जान सकिन्छ ? भन्ने पनि समीक्षाको बिषय बन्नुपर्छ ।

### जगत  बस्नेत : आत्मनिर्भर केन्द्र

सबैले केन्द्रबाट समाधान खोज्ने कुरा गर्नु भयो । यो सम्भव छैन । तितो या मिठो लाग्न सक्ला तर सत्य यही हो । समस्याको समाधान स्थानीय तहबाटै खोज्नुपर्छ । जहाँ समस्या हुन्छन् समाधानका विकल्पहरु पनि त्यहीं हुन्छन् । केन्द्रबाट हुने समस्यामा राष्ट्रिय मञ्च र आत्मनिर्भर केन्द्रको भूमिका बढी हुन्छ । जिल्लाबाट हुने काम जिल्लाले नै गनुपर्छ ।

दोस्रो, कुरा स्रोतको अभाव भयो, भन्नेछ । हामीले पहिला देखी नै भन्दै आएका छौ, यो सवाल आत्मनिर्भर केन्द्रको मात्रै होइन । कैलाली, सुर्खेत अथवा बारामा हजार एनजिओहरुले काम गरिरहेका छन् । सबैले गरिबका कुरा गर्छन । त्यो अवसरको उपयोग गर्नु पर्‍यो । यो मञ्च सबैको एउटै मञ्च वननुपर्‍यो । जबसम्म स्थानीय रुपमा जिल्ला मञ्च र गाउँ मञ्चहरु सबैको हुन सक्दैन तबसम्म यो दिगो हुन सक्दैन ।

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले गर्न सक्ने सहयोग ब्यवस्थापनमा हो । क्षमता बिकासमा हो । दक्ष जनशक्ति उपलब्ध गराई केही सहयोग गर्न सक्छ । सधैं आफै स्रोत ल्याएर दिन सक्दैन । संस्थागत हिसावले हाम्रो पनि केही सिमाहरु हुन्छन् । त्यसकारण भूमि अधिकार मञ्च गरिबी निवारण गर्छु भन्ने सबै संस्थाहरुको संगठन वननुपर्‍यो । अनि मात्र अगाडी जान सक्छौ । कसैसित असहमती होला । उनीहरुसंग स्रोत नलिउँ तर सहमति हुनेबाट त सहयोग लिनुपर्‍यो ।

तेस्रो कुरा जबसम्म आन्दोलनले बैकल्पिक शक्ति निर्माण गर्न सक्दैन, तबसम्म तपाईलाई कसैले टेर्दैन । बैकल्पिक शक्ति भनेको प्रतिबद्ध सदस्य हो । प्रतिबद्ध संगठन हो । प्रस्तुत गरेको कुराबाट नै देखियो । जहाँ बलियो संगठन छ, त्यहाँ पार्टीहरुले पनि टेरेका छन् । जहाँ संगठन बलियो छैन, त्यहाँ टेरेका छैनन् । त्यसको मतलब शक्तिले शक्तिसंग कुरा गर्छ । जुन किसिमको शक्ति तयार हुन्छ त्यहि अनुसारको संवाद हुन्छ । बैकल्पिक शक्ति बिनाको कुराले काम गर्दैन । मेरो अर्न्तराष्ट्रिय अनुभवले पनि त्यहि नै देखेको छ ।  सुर्खेतमा स्रोत थोरै थियो । त्यहाँ ५०० घरधुरीले बसीरहेको ठाउँको कानूनी मान्यता पाए । धेरै स्रोत भएको ठाउँमा त्यति पनि गर्न सकिएन ।

आन्दोलनलाई जोगाउनको लागी आर्थिक सवलीकरणको अभियान र राजनितिक वहस संगै लिएर जानुपर्छ । हाम्रा मान्छेहरु आर्थिक क्रियाकलापमा लागेमा मात्र आन्दोलनमा पनि योगदान गर्न सक्छन, नत्र सक्दैनन् । स्थानीय तहमा पनि थुप्रै स्रोतहरु छन् । त्यसलाई भूमिको सवालमा कसरी लिएर जाने भन्ने बिचार भएको संगठन आवश्यक छ । त्यसको लागी चाहिने मानव स्रोत, नेतृत्व तथा क्षमता विकास गर्ने कुरामा आत्मनिर्भर केन्द्र जहिले पनि नजिकको साथीका रुपमा रहन्छ ।

## कृष्णहरी पनेरु : केयर नेपाल

यो पटकको सचित्र प्रर्दशन पहिलाका दिनहरु भन्दा पनि प्रखर रुपमा, साह्रै मेहनत गरेर यहाँहरुले बनाउनु भएको छ । महिला सहभागिता र त्यही अनुसारको निर्धक्कसंग कुरा राख्ने सक्ने वातावरण बनाउनु भएकोमा मलाई धेरै नै चित्त बुझेको छ । यो खालको जुन प्रतिवद्धता र समावेशी चरित्र प्रर्दशन गर्नु भएको छ, त्यसलाई नछोड्नुहोला ।

भूमि अधिकार आन्दोलन नेपालमा मात्र नभई विश्वमै हाम्रो जस्तो गरिब मुलुकको लागी असाध्यै प्रखर सवाल हो । हुन त दुई चार आना तथा रोपनी जग्गा पाउँदैमा खाद्य सुरक्षा नै हुन्छ अवथा खाद्य अधिकार नै प्राप्त हुन्छ भन्ने छैन । तथापी यो सम्मानित जीवन जिउनका लागी एउटा खुट्कीलो हो । यो गाँस र बासको कुरासंग सम्बन्धित छ । नेपालका सर्न्दभमा आफ्नो घर छ कि छैन भन्ने कुराले राज्यबाट प्राप्त हुने सुविधा, अवसरहरु सृजना गर्छ । भुकम्प पछिको पुननिर्माणकै सर्न्दभमा पनि जग्गा नभएकाले धेरै दुःख भोग्नु परेको छ।

तपाईहरुले आफ्नो अभियानलाई अरु स्रोत तथा सहकारीको माध्यमबाट पनि अगाडी लान सक्नुहुन्छ । नेपालमा तीन खम्बे आर्थिक नीति ल्याउँदा सहकारीलाई पनि प्रमुख खण्डको रुपमा मानिएकाले यो पनि एउटा राम्रो विकल्प हुन सक्छ । सहकारीमा जाँदा त्यसबाट आउने फाइदाको मालिक हामी हुन सक्छौ कि सक्दैनौ भन्ने कुरा सोच्नै पर्छ ।

तपाईहरु २१ जिल्लाबाट ७० जना भन्दा बढि सहभागी हुनुहुन्छ । यहाँहरुको भिन्न भिन्न अनुभवहरु छन्। ती मध्ये सफल भएको कुराबाट आउने सिकाई अर्को ठाउँमा लान सकिन्छ । असफल भएका घटनाबाट पहिले नै सचेत हुन सक्छौं । केयर नेपाल, आत्मनिर्भर केन्द्र र भूमिअधिकार मञ्चसंगको सम्बन्धलाई अझै प्रगाढ रुपमा अगाडी बढाएर लैजान चाहन्छ । आउँदा बर्षहरुमा यसलाई अझै सशक्त ढंगले अगाडी बढाउने छौ र यो कुरामा प्रतिबद्ध पनि छौं ।

हाम्रो पनि अनुरोध छ, भूमि अधिकार आन्दोलन परियोजनामुखी बन्नु भएन । परियोजना भन्नासाथ त्यसको निश्चित सुरुवात र अन्त हुन्छ । तर हाम्रो सवालमा हामीले नजितेसम्म यसको अन्त हुदैन । अर्को महत्वपूर्ण कुरा भूमि अधिकारको आन्दोलन जित्नै पर्ने सवालमा केन्द्रित भएकाले यसमा भाबनात्मक हिसाबले ऐक्यवद्धता र प्रतिवद्धता व्यक्त गर्न चाहन्छु ।

## सरस्वती सुब्बा : राष्ट्रिय मञ्च

यो बर्ष भित्र भएका उपलब्धी, चुनौती र सिकाइका पानाहरु भित्तामा टाँसेका छौं । यो केवल यस बर्षका लागि मात्र टाँसिएको होइन । यो नियमित प्रक्रिया हो । नयाँ वर्ष, नयाँ योजनामा जानुपर्छ । फेरी ६ महिनामा यस्तै तरिकाले रङ्गाउने दिन आउँछ । त्यसकारण हाम्रो कामलाई ६ महिनामा, १ वर्षमा फर्केर त हेर्छौं तर अन्त भएको चाँहि हुँदैन ।

हामीले प्रस्तुती गर्दा जुन कुराको एकीन तथ्याङ्क चित्रद्धारा प्रस्तुत गर्न सक्यौं, त्यो चित्रलाई पछ्याउनको लागी विधानले बाटो तय गरि दिएको छ । सदस्यता नविकरण गर्ने, प्रतिबेदन पेश गर्ने, नयाँ योजना बनाउने समय बिधानले निश्चित गरि दिएको छ । यसलाई पर्व जसरी हेर्नुपर्छ ।

अगुवा साथीहरु यहाँ आउनु भएको छ । आफ्ना मनका कुरा धेरै नै राख्ने सोच थियो होला। हामीले ती सबै कुरा गर्न सकेनौं । यसमा अन्यथा नलिईदिनु होला । किनकी हामी समीक्षामा छौं । एउटा जिल्लाको राम्रो पक्षलाई अर्को जिल्लामा कसरी लैजाने भन्ने कुरा सिक्नु हाम्रो पहिलो प्राथामिकता हो । यसले हाम्रो आन्दोलन, संगठनलाई बलिया बनाउँछ र हामी पनि त्यसले नै सफल हुन्छौं ।

## झलक सुवेदी : लेखक

तपाईहरुसंग कुरा गर्न पाउँदा खुसी छु । यो दुई दिन तपाईहरुसंग गरेको अर्न्तक्रिया तथा कुराकानी र तपाईहरुले व्यक्त गरेका अनुभवबाट मैले धेरै सिकेको छु । जमिनसंग सम्बन्धित आन्दोलन यति महत्वपूर्ण छकि, हामी भन्न सक्छौं, म नेपाली नागरिक हुँ । यहाँको माटोमा मेरो अधिकार छ । जमिन कुनै पनि कारणले नीजि स्वामित्वमा गए पनि किसानलाई भूमिको र परिवारलाई आवासको अधिकार छ। यो संविधानले पनि भनेको छ ।

भूमिहीनताका केही कारणहरु छन् । कसैको पैतृक सम्पत्ति छैन, उ अहिले पनि भूमिहीन छ । पैतृक सम्पत्ति भएकाहरुसंग अहिले भूमि छ । यसको संरचनात्मक कारण छ । दलितहरुलाई जमिनको अधिकारबाट बञ्चित गरिएको थियो । कमैयाहरुको जमिन माथि अधिकार थिएन । थुप्रै समुदाय थिए, जुन विभिन्न कारणले संरचनात्मक थिचोमिचोमा परे र भूमिहीन भए ।

यसका अर्थ राजनीतिक कारण पनि छ । बिर्ता पाउने प्रायः जसो ब्राम्हण क्षेत्री छन् । अरुले बिर्ता पाउँदैनथे । त्यसबेला कसैले कमाईरहेको जग्गा तेस्रो पक्षले बिर्ता पायो भने भएको सबै खोसिन्थ्यो । यसले पनि मान्छेलाई भूमिहीन बनायो । अर्को कारण बाढी, पहिरो भूकम्प आदीबाट विस्थापित भएर आफ्नो ठाउ ठाउँ छोड्नु पर्दा पनि नयाँ भूमिहीन बन्ने क्रम चलिरहेकै छ ।

आफ्नो स्वामित्वको जमिन भएन । भएको जमिनले खान लाउन पुगेन । जीविका चलाउन नै कठिन भएपछि मान्छेहरु जीविकाको खोजी गर्ने क्रममा जंगल फडानी गर्न पुगे । सार्वजनिक ठाउँ ओगटेर बसे । गुठी, बिर्ता जस्तो जग्गा जसको स्वामित्व अरुसंगै छ, त्यो जग्गा कमाएर बसे ।

तपाईहरु भूमि अधिकारको लागि आन्दोलनमा हुनुहुन्छ । यसले एक किसिमको द्वन्द्व सिर्जना गर्छ । मोहीको कुरा गर्दा भूमिपतिसंग द्वन्द्व । ऐलानी दर्ताको कुरा गर्दा वनसंग द्वन्द्व । बिस्थापितहरुको कुरा गर्दा बिकास

परियोजनाहरुसंग द्वन्द्व । सार्वजनिक जग्गामा बस्नेहरुको कुरा गर्दा गाबिस, नगरपालिका, सडकसंग द्वन्द्व । सबैभन्दा ठूलो द्वन्द्व राज्यको नीति, सिद्धान्त, विचार तथा शक्तिसंग हुन्छ । र हाम्रो लडाई पनि राज्यसंग नै हुन्छ । एउटा, कानूनमा जे जे अधिकार दिएको छ, त्यसलाई कसरी आफ्नो हातमा पार्ने भन्ने नै कानूनी लडाई हो । कानूनमा नभएको बिषयमा पनि हामी लडाई गर्छौं । हामीले भनेको कुरा कानून बनोस भनेर ।

शक्ति विषेश गरि भूमिपतिको पक्षमा हुन्छ । उदाहरण भन्नुपर्दा, काठमाडौंको भृकुटीमण्डपमा अहिले पनि ३ सय जति टहरा छन् । पहिला उनीहरु रत्नपार्कको पेटीमा व्यापार गर्थे । २०४७ सालको संसदीय चुनाव हुने बेला उनीहरुको भोट यत्ति बलियो भएर आयो कि ति ३ सय परिवारलाई भृकुटी मण्डपमा लगेर सारिदियो । अहिले उनीहरु लाखौँको कारोबार गरिरहेका छन् । त्यसकारण हाम्रो शक्ति भोट पनि एक हो । दोस्रो नागरिकता पनि त्यत्ति नै बलियो छ । नागरिक भए बापत राज्यले केही न केही सुरक्षाको सुनिश्चितता गर्नैपर्ने हुन्छ । त्यसको लागी नागरिकता तागत हो । त्यसैगरि अर्को तागत भनेको संगठन हो । संगठित रुपले प्रतिरोध गर्नुभयो भने पाउनुहुन्छ नत्र पाउनुहुन्न । जहाँ संगठित रुपले प्रयास गरियो, त्यहाँ अधिकार पाइयो र जहाँ गरिएन त्यहाँ पाइएन ।

संगठन र आन्दोलन यति महत्वपूर्ण छ कि, जसको बिना हामी अधिकार पाउन सक्दैनौं । जमिन भएको मान्छे र नभएको मान्छेको बिचमा दुरी हुन्छ । भोट माग्ने समयमा सुकुम्बासीहरुको पक्षमा हुने मान्छे चुनाव सकिएपछि वन संरक्षणको नीति लिएर आउँछन् । त्यसको प्रतिवाद गर्न संगठन र नैतिकता चाहिन्छ । आफ्नो अधिकारका लागि डोजरका अगाडि उभिने तागत भनेको नैतिक बलमा आधारित हुन्छ । आन्दोलनको नेतृत्वदेखि तलसम्म यिनीहरु भूमिहीन तथा गरिबहरुको पक्षमा काम गर्ने मान्छे हुन, भनेर सरोकारवाहरुले चिन्न थालेपछि अरुको पनि साथ पाउँछौं, हामीलाई पनि डोजरका अगाडी उभिने आँट आउँछ र त्यही आँटले जित्न सक्छौं ।

## डा. सुरेश ढकाल : आत्मनिर्भर केन्द्र

समीक्षाबाट हामीले सिक्ने कुरा धेरै र फरक फरक हुन सक्छन् । मैले के देखें ? के गरें ? बसाई कस्तो भयो ? खनापिन कस्तो थियो ?। चिनजान को को संग भयो ? अनुभव के गरें ? महसुस के गरें ? यी सबै सिकाईका पक्ष हुन् । यी सामुहिक पनि हुन सक्छन् । ब्यक्तिगत पनि । तर सबैले सबै कुरा समान ढंगले सिक्नु पर्छ भन्ने होईन । हाम्रो परिवेशले सिकाईको दायरा निर्धारण गर्छ ।

अर्को यस्ता कार्यक्रममा सहभागी भएपछि आफुले आफैलाई जाँच्नु पनि पर्छ । यो बसाई मेरा लागि कत्तिको काम लाग्दो भयो । यहाँ आउनु भन्दा अगाडी के बुझाई थियो, यहाँ आएर के थपियो ? के कुरामा म निर्धक्कसंग आफ्नो बिचार राख्न सक्ने भए ? के कुरा नयाँ र गर्न लायक पाए ? यस्तो कुराले मान्छेले थप बलिया हुन मद्दत गर्छ ।

समीक्षा भनेको यात्रा गर्दै जाँदा एक ठाउँमा चौबाटोमा आए जस्तो हो । यसले त्यो सडक तिर राखेको जस्तो साइनबोर्डको काम गर्छ । बाटो देखाउँछ । त्यो बाटोमा हामी हिड्नैपर्छ । बाटो पत्ता लगाए भनेर साइनबोर्डको तल उभियो भने कहीं पनि पुगिदैन । अबको हाम्रो चुनौती त्यो पनि हो, आउने ६ महिनामा हामी साईनबोर्डका मुनि नै हुन्छौं कि, कहीं पुग्छौं । अर्थात अर्को चौबाटोमा पुग्छौं ।

यसमा हामी सचेत छौं । त्यही भएर जसको सवाल, उसको अगुवाईको कुरा पनि गरिरहेका छौं । यस समीक्षामा आत्मनिर्भर केन्द्रले के सहयोग गर्ने भन्ने कुरा बढि उठ्यो । त्यो स्वभाविक हो । तर मेरो सुझाव । त्यति धेरै आशा नगर्नु राम्रो । यसले नेतृत्व गुमाउनु हुन्छ । जति धेरै अरुबाट आश गर्‍यो, त्यति धेरै आन्दोलनमा आफ्नो हिस्सा कम हुन्छ । यसमा उपलब्धिको हिस्सा पनि अरुले नै बढी लिन सक्छन् । त्यसकारण सकेसम्म आफ्नै बलमा के गर्न सकिन्छ भन्ने सोच्नुपर्‍यो ।

आफ्नो सवाल, आफ्नो नेतृत्व भनेको नारा मात्र होइन । सवालको स्थानीय स्वरुप तथा प्रकृती हुन्छ । त्यसैले पनि आफ्नो नेतृत्व बलियो बनाउनको लागि जुन सवाल छ, त्यसको नेतृत्व आफैले लिने हो । सहयोगका लागि हामी आत्मनिर्भर केन्द्रलाई भन्न सक्छौं । हाम्रा साझेदार संस्थाहरुलाई भन्न सक्छौं । गाविसलाई भन्न सक्छौं । हामीले सहयोग लिने तरिका पनि फरक हुनुपर्छ । कमजोर छौं । दया गर भन्ने होईन । हामीसँग कम सामर्थ्य छ त्यसकारण हामीलाई सहयोग गर उपाय आँफै खोज्छौं भन्ने हो ।

सबैभन्दा महत्वपुर्ण कुरा निरन्तरको संवाद हो । समुदायमा एक चोटी गएर हुदैन, दुई चार चोटी जानुपर्छ । त्यसले सफलता दिन्छ । एकदुई पल्टमा भएन भनेर निराश भयो भने उपलब्धीबिहिन हुन सक्छौ । संवाद द्वन्द्वरत पक्षहरुसंग पनि हुनुपर्छ । आफु बीचमा पनि संवाद हुनुपर्छ । त्यसले सामुहिकता निर्माण गर्छ । सामुहिक शक्ति, सामर्थ्य निर्माण गर्छ । त्यो शक्तिले अधिकार प्राप्तिका लागि सहयोग गर्छ ।

हामी जुन खालको अभियान तथा आन्दोलनमा लागेका छौं, यो सहज छैन । यसमा म आफ्नो लागि, आफ्नो परिवार, समुदाय, समाजका लागि केही गर्छु भनी लागेका प्रतिबद्ध मान्छे मात्रै संलग्न छन् । त्यो प्रतिबद्धता पनि हाम्रो सामर्थ्य हो । प्रतिबद्धता भनेको आफुले आफुलाई नै चिन्ने कुरा हो । यो हाम्रो पूँजी पनि हो । त्यसकारण यो पूँजीलाई कसरी उपयोग गर्ने बिषयमा पनि बिचार विमर्शहरु गर्नु आवश्यक छ ।

सामाजिक पूजीका दुईटा पक्ष छन् । एउटा पक्ष तपाई कति जनासंगको सम्पर्कमा हुनुहुन्छ वा कतिवटा संस्थाहरुको संजालमा हुनुहुन्छ । अर्को तपाईलाई मान्छेहरुले कति विश्वास गर्छन् । त्यसैले हामीले संगठनमा सञ्जालमा बिश्वास गर्नुपर्छ । जसले गर्दा हामी पनि समस्या पर्दा सहयोग लिन सक्छौं । त्यो भन्दा महत्वपूर्ण कुरा हामीले त्यो विश्वासलाई कसरी कायम राख्न सक्छौं भन्ने हो । त्यस्तो सञ्जाल तथा विश्वास छैन भने पैसाको बलमा २/४ दिन सडकमा मान्छे कुदाउन सकिन्छ । नतिजा लिन सकिदैंन । त्यसैले विश्वास र सञ्जाल सबै भन्दा ठूलो पूँजी हो ।

स्रोत व्यवस्थापनको कुरा गर्दा आर्थिक स्रोत मात्र बुझ्नु हुँदैन । मानवीय तथा सामाजिक स्रोत, साँस्कृतिक स्रोतहरु पनि छन् । तिनिहरुको उपयोगबाट कसरी आन्दोलन कोषहरु निर्माण गर्न सक्छौं भन्ने पनि विचार गर्नुपर्छ । आन्दोलन कोषको अभ्यास पुरानो अभ्यास हो । एकदमै राम्रो उदाहरण पनि हो । तर त्यतिले मात्र नपुग्ने रहेछ । त्यसकारण अरु किसिमका स्रोतहरु पनि पहिचान गर्नुपर्ने रहेछ । कहाँ कहाँबाट के के स्रोतहरु आउँन सक्छ भन्ने कुराको जानकारी हुनुपर्छ ।

केन्द्र तहको टिम प्रति धेरै आशा गर्नु स्वभाविक हो । तर हामीले संगठनको संरचना बुझ्न जरुरी छ । संगठन घर जस्तो हुन्छ । गाउँ मञ्च भनेको घरको जग हो । जिल्ला मञ्च घरका कोठा हुन । राष्ट्रिय मञ्च छत हो । जग बलियो छैन, घरलाई जतिसुकै रंगरोगन गरेपनि बलिया हुन सक्दैन । त्यसैले केन्द्र मञ्चलाई बलिया देख्ने

चाहना हो भने जिल्ला र गाउँ पनि बलिया बनाउन जरुरी छ। यसका लागि हाम्रो जोड गाउँ मञ्च बलिया बनाउनमा हुनुपर्छ।

गाउँ मञ्च बलियो भयो भने आन्दोलन बलियो हुन्छ। यसले सवाल बलियो बनाउँछ। अगुवाहरुको क्षमता बढाउँछ र स्थानीय तहबाटै धेरै समस्याको हल हुने वातावरण तयार हुन्छ। संगठन बलियो बनाउनु भनेको नेतृत्व बिकास गर्ने कुरा पनि हो।

स्थानीय स्रोत उपयोगको कुरा गरेर आत्मनिर्भर केन्द्र अभियान, आन्दोलनबाट पन्छिने खोजेको होईन। तर यसका पनि केही बाध्यताहरु, सिमाहरु छन्। आन्दोलनको क्षेत्र जसरी बिस्तार भईरहेको छ, त्यसरी आत्मनिर्भर केन्द्रको क्षमता, स्रोतहरु बढिररहेका छैनन्। तथापी यसले मञ्चलाई प्रत्यक्ष रुपमा आर्थिक सहयोग गर्न नसकेपनि क्षमता बिकास, मानव स्रोत निर्माणमा निरन्तर सहयोग गर्नेनै छ।

आत्मनिर्भर केन्द्रको मूल काम आर्थिक स्रोत जुटाउने मात्र होईन। हामीसँग सवाल छ। त्यसको समाधान गर्ने मूल काम हो। यति स्रोत र क्षमता भयो भने यस्तो परिणाम ल्याउन सकिन्छ भन्ने कुरा आउँदा स्रोत जुटाउनका लागि पनि निरन्तर प्रयत्न रहन्छ। जसले हाम्रो उत्साहमा कमी नआओस्। संस्थागत र ब्यवहारिक हिसावले कतिपय सिमितताका वावजुद पनि हामी आन्दोलन सेलाउन हुदैन भन्ने कुरामा प्रतिवद्ध छौ।

## भाग -६

## फोटोहरु



देउसी खेलेर आन्दोलन कोष संकलन, पाल्पा



गाउँ मञ्चको वार्षिक भेला, कञ्चनपुर






संयुक्त पुर्जा बनाएको जोडी, ओखलढुंगा  भूमि अधिकार मानव अधिकार बिषयक कार्यशाला, काठमाण्डौं





पुनर्निर्माण र भूमि व्यवथापनबारे अर्न्तक्रिया, सिंहदरबार लालपुर्जासंगै अनुदान सम्झौता, दोलखा

## समीक्षा झलक








भूमि तथा कृषि अधिकार अभियान
सहभागिमूलक समीक्षा तथा मनन् प्रक्रिया
CSRC
आत्मनिर्भर केन्द्र



भाग ७ : सहभागी नामवली

| सहभागी विबरण | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.सं. | सहभागीको नाम | जिल्ला | लिङ्ग (√) | | संस्था वा संगठनको नाम | पद |
| | | | म | पु | | |
| १ | भागीराम चौधरी | दाङ | | ✓ | आत्मनिर्भर केन्द्र | अभियान संयोजक |
| २ | शुभराज चौधरी | दाङ | | ✓ | आत्मनिर्भर केन्द्र | अभियान अधिकृत |
| ३ | रेमन्त चौधरी | दाङ | | ✓ | जिल्ला भू.अ.मञ्च, दाङ | जिल्ला संयोजक |
| ४ | निर्मला वि.क. | दाङ | ✓ | | जिल्ला भू.अ.मञ्च, दाङ | अध्यक्ष |
| ५ | शान्ता परियार | दाङ | ✓ | | जिल्ला भू.अ.मञ्च, दाङ | पूर्णकालिन कार्यकर्ता |
| ६ | बनिलाल थारु | बाँके | | ✓ | जिल्ला भू.अ.मञ्च, बांके | जिल्ला संयोजक |
| ७ | जसविर वड | बाँके | | ✓ | जिल्ला भू.अ.मञ्च, बांके | अध्यक्ष |
| ८ | विष्णु रोका | बाँके | ✓ | | जिल्ला भू.अ.मञ्च, बांके | पूर्णकालिन कार्यकर्ता |
| ९ | पबित्रा अर्याल | बर्दिया | ✓ | | जिल्ला भू.अ.मञ्च, बर्दिया | पूर्णकालिन कार्यकर्ता |
| १० | केश बहादुर वि.क. | बर्दिया | | ✓ | जिल्ला भू.अ.मञ्च, बर्दिया | अध्यक्ष |
| ११ | होमेन्द्र थापा | बर्दिया | | ✓ | जिल्ला भू.अ.मञ्च, बर्दिया | जिल्ला संयोजक |
| १२ | लक्ष्मण बि.क. | कैलाली | | ✓ | जिल्ला भू.अ.मञ्च, कैलाली | अध्यक्ष |
| १३ | हेमा बि.क. | कैलाली | ✓ | | जिल्ला भू.अ.मञ्च, कैलाली | अगुवा |
| १४ | पार्वती डगौरा | कञ्चनपुर | ✓ | | जिल्ला भू.अ.मञ्च, कञ्चनपुर | अध्यक्ष |
| १५ | राम चुनारा | कञ्चनपुर | | ✓ | जिल्ला भू.अ.मञ्च, कञ्चनपुर | पूर्णकालिन कार्यकर्ता |
| १६ | राजेन्द्र शर्मा | सुर्खेत | | ✓ | जिल्ला भू.अ.मञ्च, सुर्खेत | सचिव |
| १७ | जानकी चौधरी | सुर्खेत | ✓ | | जिल्ला भू.अ.मञ्च, सुर्खेत | अगुवा |
| १८ | रोमबहादुर राना | पाल्पा | | ✓ | जिल्ला भू.अ.मञ्च, पाल्पा | अध्यक्ष |
| १९ | शान्ती रजाली | पाल्पा | ✓ | | जिल्ला भू.अ.मञ्च, पाल्पा | अगुवा |
| २० | दलबहादुर राजकोटी | पाल्पा | | ✓ | जिल्ला भू.अ.मञ्च, पाल्पा | सचिव |
| २१ | जितबहादुर गोले | सर्लाही | | ✓ | जिल्ला भू.अ.मञ्च, सर्लाही | अध्यक्ष |
| २२ | मदन बि.क | सर्लाही | | ✓ | जिल्ला भू.अ.मञ्च, सर्लाही | जिल्ला संयोजक |
| २३ | लक्ष्मी सिंह | सर्लाही | ✓ | | जिल्ला भू.अ.मञ्च, सर्लाही | पूर्णकालिन कार्यकर्ता |
| २४ | एकबहादुर भुजेल | महोत्तरी | | ✓ | जिल्ला भू.अ.मञ्च, महोत्तरी | अध्यक्ष |
| २५ | राजकुमार बस्नेत | महोत्तरी | | ✓ | जिल्ला भू.अ.मञ्च, महोत्तरी | जिल्ला संयोजक |
| २६ | उमा बस्नेत | महोत्तरी | ✓ | | जिल्ला भू.अ.मञ्च, महोत्तरी | अगुवा |
| २७ | फूलमती चौधरी | रौतहट | ✓ | | जिल्ला भू.अ.मञ्च, रौतहट | उपाध्यक्ष |
| २८ | उपेन्द्र चौधरी | रौतहट | | ✓ | जिल्ला भू.अ.मञ्च, रौतहट | जिल्ला संयोजक |
| २९ | मधु मगर | रौतहट | ✓ | | जिल्ला भू.अ.मञ्च, रौतहट | पूर्णकालिन कार्यकर्ता |
| ३० | राजकुमार पासवान | सिराहा | | ✓ | जिल्ला भू.अ.मञ्च, सिराहा | पूर्णकालिन कार्यकर्ता |
| ३१ | आशा बिश्वकर्मा | स्याङ्जा | ✓ | | आत्मनिर्भर केन्द्र | अभियान अधिकृत |
| ३२ | अमृत बस्नेत | ओखलढुङ्गा | | ✓ | जिल्ला भू.अ.मञ्च, ओखलढुङ्गा | अध्यक्ष |
| ३३ | सरस्वती कटवाल | ओखलढुङ्गा | ✓ | | जिल्ला भू.अ.मञ्च, ओखलढुङ्गा | जिल्ला संयोजक |
| ३४ | शान्तिनाथ अधिकारी | ओखलढुङ्गा | | ✓ | जिल्ला भू.अ.मञ्च, ओखलढुङ्गा | पूर्णकालिन कार्यकर्ता |
| ३५ | फुर्तिमान राई | उदयपुर | | ✓ | जिल्ला भू.अ.मञ्च, उदयपुर | जिल्ला संयोजक |
| ३६ | सन्तोषी बि.क. | उदयपुर | ✓ | | जिल्ला भू.अ.मञ्च, उदयपुर | पूर्णकालिन कार्यकर्ता |
| ३७ | श्रीवती चौधरी | उदयपुर | ✓ | | जिल्ला भू.अ.मञ्च, उदयपुर | अगुवा |
| ३८ | अरुण सदा | सिराहा | | ✓ | राष्ट्रिय भू.अ.मञ्च | सदस्य |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३९ | प्रमिला सदा | सिराहा | ✓ | | जिल्ला भू.अ.मञ्च, सिराहा | अगुवा |
| ४० | दिपक राउत | सिराहा | | ✓ | जिल्ला भू.अ.मञ्च, सिराहा | अगुवा |
| ४१ | शिवकुमार पासवान | सप्तरी | | ✓ | जिल्ला भू.अ.मञ्च, सप्तरी | पूर्णकालिन कार्यकर्ता |
| ४२ | राम श्रेष्ठ | ललितपुर | | ✓ | जिल्ला भू.अ.मञ्च, ललितपुर | पूर्णकालिन कार्यकर्ता |
| ४३ | सरला बिशुंखे | ललितपुर | ✓ | | जिल्ला भू.अ.मञ्च, ललितपुर | अगुवा |
| ४४ | कल्पना आचार्य | रसुवा | ✓ | | जिल्ला भू.अ.मञ्च, रसूवा | पूर्णकालिन कार्यकर्ता |
| ४५ | निलप्रसाद अवस्थी | रसुवा | | ✓ | जिल्ला भू.अ.मञ्च, रसूवा | अगुवा |
| ४६ | रामहरी घिमिरे | नुवाकोट | | ✓ | जिल्ला भू.अ.मञ्च, नूवाकोट | सचिव |
| ४७ | बिन्दा नेपाल | नुवाकोट | ✓ | | जिल्ला भू.अ.मञ्च, नूवाकोट | सदस्य |
| ४८ | ग्याल्जेन लामा | सिन्धुपाल्चोक | | ✓ | जिल्ला भू.अ.मञ्च, सिन्धुपाल्चोक | अध्यक्ष |
| ४९ | माधव ढकाल | सिन्धुपाल्चोक | | ✓ | जिल्ला भू.अ.मञ्च, सिन्धुपाल्चोक | जिल्ला संयोजक |
| ५० | लक्ष्मी कोईराला | सिन्धुपाल्चोक | ✓ | | जिल्ला भू.अ.मञ्च, सिन्धुपाल्चोक | अगुवा |
| ५१ | मन्जु चौधरी | कपिलवस्तु | ✓ | | जिल्ला भू.अ.मञ्च, कपिलबस्तु | कोषाध्यक्ष |
| ५२ | बिष्णु बम्रेल | रुपन्देही | ✓ | | जिल्ला भू.अ.मञ्च, रुपन्देही | पूर्णकालिन कार्यकर्ता |
| ५३ | सन्तबहादुर सुनार | बारा | | ✓ | जिल्ला भू.अ.मञ्च, बारा | सदस्य |
| ५४ | ऐश्वर्या चौधरी | नवलपरासी | ✓ | | जिल्ला भू.अ.मञ्च, नवलपरासी | पूर्णकालिन कार्यकर्ता |
| ५५ | अञ्जु कुमाल | नवलपरासी | ✓ | | जिल्ला भू.अ.मञ्च, नवलपरासी | अध्यक्ष |
| ५६ | पुजा रोक्का | गोर्खा | ✓ | | जिल्ला भू.अ.मञ्च, गोर्खा | सदस्य |
| ५७ | जगत बस्नेत | सिन्धुपाल्चोक | | ✓ | आत्मनिर्भर केन्द्र | सल्लाहकार |
| ५८ | जगत देउजा | सिन्धुपाल्चोक | | ✓ | आत्मनिर्भर केन्द्र | कार्यकारी निर्देशक |
| ५९ | कल्पना कार्की | सिन्धुपाल्चोक | ✓ | | आत्मनिर्भर केन्द्र | अभियान व्यबस्थापक |
| ६० | नरीराम लोहार | बैतडी | | ✓ | आत्मनिर्भर केन्द्र | अभियान अधिकृत |
| ६१ | अनिता खरेल | काठमाण्डौं | ✓ | | आत्मनिर्भर केन्द्र | वि.तथा प. |
| ६२ | गीता पण्डित | सिन्धुपाल्चोक | ✓ | | आत्मनिर्भर केन्द्र | वि.तथा प. संयोजक |
| ६३ | रमिता श्रेष्ठ | काठमाण्डौं | ✓ | | आत्मनिर्भर केन्द्र | वित्त अधिकृत |
| ६४ | प्राप्ती अधिकारी | काठमाण्डौं | ✓ | | राष्ट्रिय भू.अ.मञ्च | अ.तथा मू.संयोजक |
| ६५ | ल्याम बहादुर दर्जी | पर्वत | | ✓ | राष्ट्रिय भू.अ.मञ्च | अध्यक्ष |
| ६६ | सरस्वती सुब्बा | सर्लाही | ✓ | | राष्ट्रिय भू.अ.मञ्च | महासचिव |
| ६७ | गरिमा देवकोटा | सिन्धुली | ✓ | | राष्ट्रिय भू.अ.मञ्च | ईन्टर्न |
| ६८ | सोमप्रसाद भण्डारी | सिन्धुपाल्चोक | | ✓ | राष्ट्रिय भू.अ.मञ्च | संस्थागत सदस्य |
| ६९ | सुरेश ढकाल | काठमाण्डौं | | ✓ | आत्मनिर्भर केन्द्र | अध्यक्ष |
| ७० | रश्ना ढकाल | काठमाण्डौं | ✓ | | अक्सफाम | परियोजना संयोजक |
| ७१ | कृष्णहरी पनेरु | काठमाण्डौं | | ✓ | केयर नेपाल | पैरवी बिशेषज्ञ |
| ७२ | वितानी थारु | बर्दिया | ✓ | | जिल्ला भू.अ.मञ्च, बर्दिया | अगुवा |
| ७३ | डिल्ललाल थारु | बर्दिया | | ✓ | जिल्ला भू.अ.मञ्च, बर्दिया | अगुवा |
| ७४ | झलक सुवेदी | काठमाण्डौ | | ✓ | | लेखक |

भाग ८ : खर्च विबरण

| क्र.सं. | विवरण | जम्मा लागत |
|---|---|---|
| १ | बसाइ तथा खाना खर्च | १३५८८३ |
| २ | आउँदा जादाँको यातायात तथा खाना खर्च | १५७४४५ |
| ३ | स्टेशनरी | ७१५३ |
| ४ | गाडी भाडा | २४००० |
| ५ | टोनर | ३४०० |
| ६ | ब्यानर | २५०० |
| ७ | इन्धन (डिजेल तथा पेट्रोल) | ९५६५ |
| ८ | मर्मत तथा पार्किङ्ग | २२० |
|  | **जम्मा खर्च** | **३४०१६६** |